चाडपर्वको संरक्षण र संवर्द्धन गरौं,
चाडपर्वमा फजुल खर्च नगरौं ।
- हाम्रा सांस्कृतिक पर्वहरूको जगेर्ना गरौं ।
- मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
epprateekdaily.com



अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०

❖ वर्ष ३६ ❖ २०७९ असोज २९ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 October 15 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ५३

## क्षेत्र नं ३ मा प्रदेश र प्रतिनिधिसभामा ३७ जना उम्मेदवार

धर्मेन्द्र चौरसिया, पोखरिया, २८ असोज/

मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि पर्सा क्षेत्र नं ३ बाट ३७ जना उम्मेदवार चुनावी मैदानमा छन् ।


सुरेन्द्रप्रसाद चौधरी


राजकुमार गुप्ता


जनार्दनसिंह क्षत्री


प्रह्लाद गिरी


मधु गुप्ता

जिल्ला निर्वाचन कार्यालय, पर्साले उपलब्ध गराएको तथ्याङ्क अनुसार प्रतिनिधिसभामा ११ जना, प्रदेशसभाको (क)बाट १२ र (ख)बाट १४ जना गरी ३७ जना उम्मेदवार चुनावी मैदानमा छन्। प्रतिनिधिसभामा सत्तारूढ गठबन्धनबाट नेपाली काङ्ग्रेसका सुरेन्द्रप्रसाद चौधरी, जसपा-एमाले गठबन्धनबाट राजकुमार गुप्ता, राष्ट्रिय स्वतन्त्र पार्टीबाट अशोक कँडेल, नेपाल सुशासन पार्टीबाट राजकुमार यादव, राप्रपाबाट अङ्गद ठाकुर, नेमकिपाबाट आशाकाजी वनमाला र स्वतन्त्र उम्मेदवारहरू धुरेन्द्र पटेल, प्रदीपकुमार रौनियार, महम्मद अलि अकबर अन्सारी, रामप्रसाद महतो चाई र समीरकुमार साह उम्मेदवार छन्।

यो क्षेत्रबाट २०७४ सालको प्रतिनिधिसभामा जसपाका हरिनारायण रौनियार विजयी भएका थिए। यसपटक उनी चुनावी मैदानमा छैनन् । सांसद भएपछि उनी निलम्बित भएको र हालसम्म फुकुवा नभएको कारण उनी चुनाव लड्न अक्षम भएका हुन् ।

प्रदेशसभा (क)बाट सत्तारूढ गठबन्धनका माओवादी केन्द्रबाट छोटेलालप्रसाद यादव, जसपा-एमाले गठबन्धनबाट एमालेका अब्दुल रहिम (मन्जुर) अन्सारी, नेपाल सुशासन पार्टीका शिवकुमार साह, राप्रपाका चन्द्रिका सहनी, नेकपाका अमरदेव पासवान र स्वतन्त्रबाट अजादुल हक अन्सारी, किसुन अहिर, चन्द्रकिशोर प्रसाद, नीरराज गिरी, प्रमोद जयसवाल, लवड मियाँ अन्सारी र शेखरबहादुर सिंह चुनावी मैदानमा छन् ।

२०७४ सालको निर्वाचनमा क्षेत्र नं ३ (क)बाट जसपाका अब्दुल रहिम (मन्जुर) अन्सारी विजयी भएका थिए। उनी हालै एमालेमा प्रवेश गरेर उम्मेदवार भएका हुन्। यो क्षेत्रबाट उम्मेदवार रहेका शिवकुमार साह जसपामा थिए। टिकट नपाएपछि उनी नेपाल सुशासन पार्टीबाट उम्मेदवार भएका हुन्। यसैगरी, एमाले प्रवेश गरेका नीरराज गिरीले पनि टिकट नपाएपछि स्वतन्त्र भएका हुन् ।

यो क्षेत्रको (ख)बाट १४ जना उम्मेदवार चुनावी मैदानमा छन् । सत्तारूढ गठबन्धनबाट नेकाका जनार्दनसिंह क्षत्री, नेकपा (एस)का प्रह्लाद गिरी चुनावी मैदानमा छन् । यसैगरी, एमाले-जसपा गठबन्धनबाट जसपाकी मधु गुप्ता, राप्रपाका सुजीतकुमार त्रिपाठी, नेपाल सुशासन पार्टीका गौरीशङ्कर साह तेली, जनमत पार्टीका अब्दुल्लाह मियाँ र स्वतन्त्रमा जीतेन्द्र सहनी, डाडु तेली, प्रभु साह, रामबाबूप्रसाद यादव, विजयकुमार रौनियार, शम्भु ठाकुर र हरिनारायणप्रसाद चौहान छन् ।

यो क्षेत्रबाट २०७४ सालमा जसपाका प्रह्लाद गिरी विजयी भएका थिए। गिरी भर्खरै एमालेमा प्रवेश गरेका थिए तर टिकट नपाएपछि उनी सत्तारूढ गठबन्धनको नेकपा (एस)बाट उम्मेदवार बनेका हुन् । नेकाका उम्मेदवार जनार्दनसिंह क्षत्री यसअघि गिरीसँग झिनो मतले पराजित भएका थिए। यो क्षेत्रबाट उम्मेदवार भएकी मधु गुप्ता निलम्बित सांसद रौनियारकी छोरी हुन्। क्षेत्र नं ३ को प्रतिनिधिसभा सदस्यमा दाबी गरेकी गुप्ता जसपा-एमाले गठबन्धन भएपछि प्रदेशसभा उम्मेदवार बनेकी हुन् ।

यसैगरी, नेपाल सुशासन पार्टीबाट उम्मेदवारी दिएका गौरीशङ्कर साह तेली यसअघि जसपामा थिए र टिकट नपाएपछि उनी नेपाल सुशासन पार्टीबाट चुनाव लडेका हुन् ।

## डस्टी कार्गो आइसिपीबाट ल्याउँदा आर्थिक भार बढ्ने

प्रस, परवानीपुर, २८ असोज/

नेपाल आयात हुने डस्टी कार्गो रक्सौल रेलवे साइडिङबाट मितेरी पुल हुँदै वीरगंज भित्रिँदै गरेको डस्टी कार्गोलाई व्यवस्थितरूपमा वीरगंज भन्सार मातहतकै आइसिपी-अलौं नाका भएर भित्र्याउन भारतीय पक्षले निर्देशन दिएको छ ।



कमिश्नर अफ कस्टम पटनाले असोज २१ गते जारी गरेको विज्ञप्ति अनुसार आइसिपी भएर नेपाल लैजान निर्देशन दिएको हो ।

यसअघि, विज्ञप्तिमा भदौ ३० गतेदेखि सो बाटो भएर डस्टी कार्गो लैजान प्रथम विज्ञप्ति जारी गरेको थियो। तर रक्सौल रेलवे यार्डदेखि सात सय मिटर पश्चिम आइसिपी एप्रोच सडकको निर्माण पूर्ण नभएको कारण देखाउँदै सो बाटो भएर मालवस्तु लैजान नसक्ने अवस्था नभएपछि एक महीनाको समयावधि बढाइएको थियो । एप्रोच र आइसिपी सडकबीचको पुल अहिले पनि पूर्णरूपमा निर्माण नभएको अवस्थामा भारतीय पक्षको निर्देशन थप संशोधन हुनुपर्ने वीरगंजका व्यवसायीहरूले बताएका छन् ।

वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष माधव राजपालका अनुसार भौतिक पूर्वाधारविना नै भारतीय पक्षले यस्तो निर्देशन दिनु दुःखद भएको बताए। उनले रक्सौल रेलवे यार्डबाट आइसिपी सडकसम्म आउने एप्रोच सडक एक लेनको भएको र बजार भएर निस्किने हुँदा सो बाटो भएर मालवस्तु ढुवानी गर्न निकै समस्या हुने चिन्ता व्यक्त गरे। साथै उनले रक्सौल रेलवे यार्डबाट पुरानै बाटो भएर मालवस्तु ढुवानी गर्न पाउनुपर्ने नेपाल र भारतका सरोकारवाला निकायसँग अपील गरेका छन् । यसै सन्दर्भमा वीरगंजका उद्योगी व्यवसायीहरूले बिहीवार वाणिज्य तथा आपूर्ति सचिव एवं भन्सार विभागका महानिर्देशकलाई भेटेर समस्याबारे अवगत गराएका छन् ।

माथिल्लो निकायले भारतीय दूतावासमार्फत यसबारेमा भारतीय विदेश मन्त्रालय र अन्य निकायसँग पहल गर्ने आश्वासन दिएको उनले जानकारी गराए।

यदि रक्सौल यार्डबाट एप्रोच सडक हुँदै रक्सौल आइसिपी भएर वीरगंज आइसिपीमा गाडीहरू भित्रियो भने करीब १५ किलोमिटर दूरी बढ्ने र साबिकभन्दा आधा मात्र मालवस्तु ढुवानी हुने सम्भावना छ। साथै अहिले वीरगंजका नेपाली गाडीहरूले रक्सौलबाट कोइला, जिप्सन, फ्लायर्स, क्लिङ्कर ढुवानी गरेर कमाइरहेका छन्। तिनीहरूको पनि व्यापार खोसिने व्यवसायीहरूको चिन्ता छ ।

आइसिपीको बाटोबाट डस्टी कार्गो लैजाने निर्देशनमा संशोधन नभए व्यवसायीहरूले हल्दियालगायतका बन्दरगाहबाट सडकमार्ग हुँदै ती डस्टी कार्गोहरू ल्याउन बाध्य हुनेछन्। र यसमा भारतीय गाडीहरूले चर्को भाडा असुल्ने हुँदा नेपाली व्यवसायीहरूलाई थप आर्थिक भार पर्ने बुझिएको छ । अहिले रक्सौलबाट प्रतिटन भारु एक हजारको दरमा डस्टी कार्गो नेपाल ढुवानी हुन्छ भने पश्चिम बङ्गाल तथा अन्य राज्यबाट ट्रक, टिपरमा सडकमार्ग हुँदै वीरगंज ल्याउँदा करीब दोब्बरी ढुवानी भाडा बढ्ने हुँदा व्यवसायीहरू मर्कामा पर्ने व्यवसायीहरूको विश्लेषण छ ।

अहिले नेपालका लागि रक्सौलमा महीनामा ३५ देखि ४० न्याक अर्थात् मासिक डेढ लाख मेट्रिक टन डस्टी कार्गो आउने गर्दछ ।

## निर्माण व्यवसायी सङ्घको चुनावको लागि उम्मेदवारी दर्ता

प्रस, परवानीपुर, २८ असोज/

नेपाल निर्माण व्यवसायी सङ्घ, पर्साको पदाधिकारीहरूको चुनाव भोलि शनिवार हुँदैछ । पदाधिकारी चयनमा सहमति नजुटेपछि चुनावी प्रक्रियामा जाने सहमति भएको हो ।

अध्यक्षमा दिवाकरप्रसाद पटेल र सुरेशप्रसाद कुर्मीको उम्मेदवारी परेको छ भने प्रथम उपाध्यक्षमा ज्ञानेन्द्र मिश्र, हीरालालप्रसाद कुर्मी, द्वितीय उपाध्यक्षमा लालबाबूप्रसाद कुर्मी, अच्छेलालप्रसाद चौधरी, सचिवमा प्रदीपकुमार पटेल, मुकेशप्रसाद कुर्मी, सन्नी यादव, राजकिशोरप्रसाद कुर्मी, सहसचिवमा रोशनकुमार सिंह, सञ्जयकुमार कुर्मी, धुरेन्द्रकुमार कुर्मी, कोषाध्यक्षमा राजेश्वरप्रसाद रौनियार, महताब आलम, सहकोषाध्यक्षमा सद्दाम हुसेन र राजुप्रसाद पटेलको उम्मेदवारी परेको छ ।

दिवाकर र सुरेशको दुई खेमाबीच चुनाव हुने देखिएको छ। दुईजना महिला सदस्य निर्विरोध चयन भएका छन् ।


दिवाकरप्रसाद पटेल


सुरेशप्रसाद कुर्मी

प्रियाकुमारी पाण्डे र आशा गुप्ता निर्विरोध चयन भएका छन् । ९ जना सदस्य निर्वाचित हुनुपर्नेमा १६ जनाको उम्मेदवारी परेको छ। कुल १८ पदको लागि भइरहेको निर्वाचन मतदान शनिवार बिहान १० बजेदेखि साँझ ५ बजेसम्म गर्ने र त्यसपछि मतगणना गर्ने प्रमुख निर्वाचन अधिकृत सन्तोषकुमार श्रीवास्तवले जानकारी गराए ।

तीन वर्ष कार्यकाल रहेको यसअघिको रामाकान्त चौरसिया नेतृत्वको पदाधिकारीहरूले हरहिसाबमा पारदर्शी नगरेको भन्दै विगत ६ वर्षदेखि सङ्घमा विवाद सिर्जना भएको थियो ।

अदालतमा मुद्दासमेत खेपेको सङ्घले नयाँ पदाधिकारी निर्वाचित गरेर सङ्घलाई अगाडि बढाउने निर्णयमा पुगेको थियो ।

## ड्राइपोर्ट क्षेत्रमा दुर्घटनाः दुईजनाको मृत्यु

प्रस, परवानीपुर, २८ असोज/

वीरगंजको ड्राइपोर्ट चोकमा लहरीको ठक्करबाट आज बिहान एकजना पैदलयात्रीको मृत्यु भएको छ ।


तस्वीरः प्रतीक

मृत्यु हुनेमा पोखरिया नगरपालिका-१ वनकटवा निवासी ६० वर्षीय बिगा राम रहेको प्रहरीले जनाएको छ। लक्ष्मी आयलको मोडमा परवानीपुरतर्फ गइरहेको ना.३ख ५७४३ नम्बरको लहरीले रामलाई किचेको थियो । उनको घटनास्थलमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता प्रहरी नायब परीक्षक दीपक गिरीले जानकारी गराए। शव शल्यपरीक्षणका लागि नारायणी अस्पतालमा राखिएको छ ।

लहरी र चालक वीरगंज महानगरपालिका-१९ विन्ध्यवासिनी बस्ने वर्ष २४ का सुजीत यादवलाई पक्राउ गरी अनुसन्धान गरिरहेको जिप्रका, पर्साले जनाएको छ ।

त्यसैगरी, दिउँसो २:३० बजे ड्राइपोर्टको मूलगेटमा भएको सवारी दुर्घटनामा एकजना भारतीय नागरिकको मृत्यु भएको छ । मृत्यु हुनेमा भारत, बिहार, पूर्वी चम्पारण, आदापुर घर भई हाल वीरगंज-२३ प्रसौनीबिर्तामा बस्ने वर्ष ३५ का सन्तोष कुशवाहा रहेका छन्। प्र२-०३-२०ख८७८९ नम्बरको मोटरसाइकलमा ड्राइपोर्टभित्र गइरहेको अवस्थामा ना.५ख २२६१ नम्बरको लहरीले ठक्कर दिएको थियो । उनको पनि घटनास्थलमैं मृत्यु भएको थियो । शल्यपरीक्षणका लागि शव नारायणी अस्पतालमा लगिएको तथा चालक र गाडीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

**ड्राइपोर्ट क्षेत्रमा दुर्घटना बढ्दै, हटाइएन अनधिकृत पार्किङ**

वीरगंज क्षेत्रको अति व्यस्त सवारीसाधन आवागमन हुने क्षेत्र हो, वीरगंज ड्राइपोर्ट, आइसिपी मूलगेट । सो क्षेत्रमा दिनहुँ सयौं पैदलयात्री, साइकल, मोटरसाइकल, हलुका सवारीसाधन तथा भारी सवारीसाधनहरू ओहोरदोहोर गर्छन् । साथै दिनदिनै दुर्घटनाको खबरले पनि सबैलाई दुःखी बनाउने गरेको छ ।

असोज २८ गते शुक्रवारका दिन दिउँसो भएका दुईवटा दुर्घटनामा परी दुईजनाको ज्यान गयो। सो क्षेत्रमा सवारी दुर्घटना घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले खासै चासो नदेखाएको स्थानीयहरू बताउँछन् ।

वीरगंज-२५ श्रीसियाका वडाध्यक्ष आशुतोष चतुर्वेदीले व्यस्त ट्राफिक भएको सो क्षेत्रमा अनधिकृत पार्किङ नहटाइएका कारण दैनिकजसो सवारी दुर्घटना बढेको जिकिर गरे। वडा कार्यालयले गत जेठ ३० गते जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्सालाई पत्राचार गर्दै हरपतगंज-लक्ष्मी आयल चोक-ड्राइपोर्ट चोक-आइसिपी मूलगेटसम्मका क्षेत्रमा पार्किङ हुने सवारीसाधनलाई नियम अनुसार कारबाई गरी हटाउनको लागि पत्राचार गरे तापनि त्यसको पालना ट्राफिक प्रहरी

(बाँकी पाँचौं पातामा)

## वीरगंजका होटल र रेस्टुराँहरूको अनुगमन




प्रस, वीरगंज, २८ असोज/

वीरगंज महानगरपालिकाको बजार व्यवस्थापन तथा अनुगमन समितिको अगुवाइमा शुक्रवार वीरगंजका विभिन्न होटल, रेस्टुराँहरूको अनुगमन गरिएको छ ।

समितिका संयोजक उपप्रमुख इम्तियाज आलमको संयोजकत्वमा समितिका सदस्य कन्हैया ठाकुर, शाखा

(बाँकी पाँचौं पातामा)

### विचारसार र सूक्तिहरू

**'औषधि' औषधिको बोतल र गोली मात्र होइन। केही औषधि यस्ता छन्, जसको उपयोग गर्दा कुनै रोग लाग्दैन। जस्तै- ९. सबैलाई सहयोग गर्नु एउटा औषधि हो।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## निर्वाचन आचारसंहिता

**निर्वाचन आचारसंहिताबारे विगतमा भन्दा यसपटक निर्वाचन आयोगको सक्रियता बढेको छ। निर्वाचन आयोग ऐन, २०७३ कार्यान्वयनमा आएपछि मुलुकमा प्रतिनिधिसभा र प्रदेशसभाको चुनाव एक/एकवटा, स्थानीय तहको चुनाव दुईवटा र प्रतिनिधिसभा, प्रदेशसभा साथै स्थानीय तहको उपचुनावहरूसमेत विभिन्न चरणमा सम्पन्न भएका छन्। यस क्रममा आचारसंहिता पालना गराउन निर्वाचन आयोग विगतभन्दा यसपटक बढी सक्रिय देखिएको हो। स्थानीय तह निर्वाचन २०७९ सम्पन्न भएपछि उम्मेदवारहरूले बुझाउनुपर्ने निर्वाचन खर्च नबुझाउँदा आयोग कारबाईमा उत्रियो। कारबाईको चरण सम्पन्न भएको छैन। तर पनि स्थानीय तहका उम्मेदवारहरूमाथि थालिएको कारबाईले प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ को तयारीमा सकारात्मक असर परेको छ। जीत, हारका लागि भन्दा पनि च्याँखे थाप्न र चुनावलाई प्रभावित पार्ने उद्देश्यले उम्मेदवारी दिनेहरू यसपटक केही हदसम्म हच्किएका छन्।**

**बितेका चुनावहरूमा एक मत अर्थात् आफ्नै मत प्राप्त गर्न नसक्ने उम्मेदवारहरू पनि प्रशस्तै देखिए। यस्ता उम्मेदवारीहरू मतदान र मतगणना प्रक्रिया प्रभावित पार्नका लागि दिइने गरिएका छन्। कतिपयका लागि यो एक किसिमको पेशा नै हो भने कतिपयले आफ्ना मालिक वा ठूला नेता रिझाउनका लागि उम्मेदवारी दिने गर्छन्। उम्मेदवारी दिएपछि कुनै दायित्व निर्वाह गर्नु नपर्ने हुँदा राज्यलाई भार बोकाउँदै जोसुकैले उम्मेदवारी दिने भए। लोकतन्त्रमा उम्मेदवार बन्न र आफूले चाहेको उम्मेदवारलाई मतदान गर्न पाउनु नागरिक अधिकार हो। तर यसको दुरुपयोग गर्दै मतदान तथा गणनाको क्रममा एक पक्षीय प्रतिनिधि सङ्ख्याको बहुमत पुऱ्याउनका लागि एकजना उम्मेदवारको पक्षमा धेरैजनाले उम्मेदवारी दिने जस्ता विकृति देखिए। हाल आयोगले निर्वाचन खर्च नबुझाएको भन्दै कारबाई थालेपछि उनीहरू झस्याङ्ग भएका छन्। खर्च नबुझाएका पेशेवर उम्मेदवारहरू धेरैजना यसपटकको निर्वाचनमा स्वतः उम्मेदवार बन्न पाएनन् भने उम्मेदवारीका लागि मात्रै उम्मेदवारी दिनेहरू पनि निरुत्साहित बनेका छन्। यसले चुनावी प्रक्रियामा सहजता थपिएको छ। चुनाव चिह्न वितरण, मतपत्र छपाइ र उम्मेदवार सुरक्षालगायतका प्रबन्धमा सहजता हुनेछ। यसको साथै मतदान एवं गणना प्रभावित पार्ने उद्देश्यले आउने उम्मेदवारका प्रतिनिधि कटौती भएपछि चुनाव निष्पक्ष र धाँधलीरहित हुनेमा पनि सघाउ पुग्छ।**

**आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको लागि आयोगको अर्को महत्त्वपूर्ण कदम शिक्षक, कर्मचारी र स्थानीय तहका जनप्रतिनिधिलाई चुनाव प्रचारप्रचारमा रोक लगाएको छ। त्यसैगरी, मनोनयनको बेला २५ जनाभन्दा बढीको सङ्ख्यामा कार्यकर्ता नल्याउन राजनीतिक दल तथा उम्मेदवारहरूलाई अनुरोध गरेको आयोगले सो उल्लङ्घन गर्ने र तामझाम गर्नेहरूलाई स्पष्टीकरण सोध्न थालेको छ। निर्वाचन आचारसंहिता २०७९ अनुसार आयोगले थालेको यस कदमलाई निरन्तरता दिइनुपर्छ। कारबाईलाई किनारा लगाए गन्तव्यमा पुगिन्छ। निर्वाचन खर्च पारदर्शी, मितव्ययी एवं उम्मेदवारहरूबीच स्वस्थ प्रतिस्पर्धा हुन सके राजनीतिक भ्रष्टाचार न्यूनीकरण हुन सक्छ। अनिमात्र सबैखाले भ्रष्टाचारको न्यूनीकरण सम्भव छ। निर्वाचन आचारसंहिता पालना गर्न/गराउन राजनीतिक दल, उम्मेदवार, नागरिक [redacted] मिका सबैभन्दा महत्त्वपूर्ण रहनेछ।**

# पानी फेरेर हुन्न, चुहिने भाँडो बदल्नुपर्छ

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**वर्तमानको सङ्घीय लोकतान्त्रिक गणतन्त्र कामै नलाग्नेगरी चुहिएको छ र यसमा पानी बदलेर परिणाम फरक हुँदैन। केपी ओलीलाई हटाएर शेरबहादुरलाई ल्याउँदा कुन चाहिं विकासको मूल फुटाए प्रचण्ड, माधव, भीम रावल र घनश्यामहरूले ?**

यतिबेला सङ्घीय तथा प्रादेशिक निर्वाचनले देशैभरि चुनावी माहौल तयार गरिसकेको छ। सञ्चारमाध्यम, सडकपेटीका चिया पसल, हाटबजार, गाउँशहरलगायत सर्वत्र चुनावकै चर्चा-परिचर्चाले वातावरण तताइरहेको छ। २०४८ सालदेखि २०७९ सालसम्मको कुरा गर्ने हो भने सबैभन्दा बढी स्वतन्त्र तथा बागी उम्मेदवार यसपालि चुनावी मैदानमा देखिएका छन्। गएको स्थानीय निर्वाचनमा काठमाडौंलगायत केही ठाउँमा नपत्याउनेगरी स्वतन्त्र उम्मेदवार विजयी भएपछि अहिले स्वतन्त्र उम्मेदवारी दिनेहरूको लाइन अलि लामो हुन पुगेको छ।

राजतन्त्र फालेर सङ्घीय लोकतान्त्रिक गणतन्त्र बहाल भएपछि यो दोस्रो निर्वाचन हो। विगत पाँच वर्षमा दलहरूले देखाएको पदलोलुपता तथा कमिशनप्रतिको आकर्षणले जनतामा दलहरूप्रति खिन्नता हुनु स्वाभाविक हो। अघिल्लो निर्वाचनमा स्थायी सरकारको लागि मत माग्दा वामपन्थीहरूले दुईतिहाई मत प्राप्त गरेर सरकार बनाएका थिए। तर पदलोलुपता र कमिशनको लतले दुईतिहाई बहुमत भएको वाम सरकार पनि पतन भयो। नेपाली राजनीतिमा जनता अब यस निष्कर्षमा पुगिसकेको छ कि वर्तमान संसदीय पार्टीहरूबाट विकास र समृद्धि सम्भव छैन। किनभने यिनीहरू राजनीतिलाई पैसा कमाउने व्यवसाय तथा आफ्नो नातागोता भर्ती गर्ने एनजिओको रूपमा प्रयोग गर्ने गरेको कुरा सबैले देख्ने र बुझ्नेगरी विभिन्न घटनाक्रमहरू घटित भएका छन्।

एमसिसी प्रकरण, ललिता निवास प्रकरण, प्रधान न्यायाधीशमाथिको महाअभियोग प्रकरण, नागरिकता विधेयक प्रकरण, संसद् विघटन प्रकरण, पार्टी फुटाउने अध्यादेश प्रकरण, ओम्नी प्रकरणलगायत दर्जनौं काण्डले के साबित गरेको छ भने संसद्वादी सोचले यो मुलुक अगाडि बढ्न, विकास गर्न तथा समृद्ध हुन सक्दैन। यति बेला कुनै पनि पार्टीसँग देशभित्र व्यापक रोजगार सिर्जना गर्ने कार्यक्रम छैन। सबै दल अझै लाखौं युवालाई राहदानी वितरण गरेर करोडौंको सङ्ख्यामा विदेशी भूमिमा प्रतिकूलताबीच मर्न पठाएर त्यहाँबाट आउने विदेशी मुद्राको रेमिट्यान्सले ऐशोआरामको जीवन गुजार्ने रोडम्याप मात्रै छ। विदेशी दलाल पूँजीपतिको दलाली गर्नको लागि आफ्नो देशको सम्पूर्ण क्षेत्रको उत्पादन बन्द गरेर, आयातमुखी व्यापारमा निर्भरता बढाएर देशलाई सम्पूर्णरूपमा जर्जर बनाई श्रीलङ्काको अवस्थामा पुऱ्याइदिने अभीष्टबाहेक यिनीहरूसँग अर्को कुनै योजना छैन।

२०४८ सालदेखिकै चुनावको कुरा गर्ने हो भने सबै संसदीय पार्टीहरूमा केही निश्चित नेता छन्, जो पटकपटक निर्वाचनको माध्यमले सत्तामा पुगेका छन् तर तिनीहरूले भन्न र हेर्नलायक कुनै काम गरेको देखिंदैन। विगत बीस वर्षमा गर्न चाहेको भए देश सम्पूर्ण कुरामा पूर्ण आत्मनिर्भर बन्न सक्थ्यो। देशका युवाहरू आफ्नै देशमा रोजगार पाउन सक्थे। देशमा भएका ठूलठूला नदीखोला, जङ्गल, सार्वजनिक जग्गा आदिको प्रयोग देशहितमा हुन सक्थ्यो। राष्ट्रपति तथा प्रधानमन्त्रीजस्तो पदमा प्रत्यक्ष निर्वाचनको व्यवस्था हुन सक्थ्यो। तर यस्तो केही पनि भएको छैन। किन ? यस प्रश्नमा घोत्लिने बेला हो कि होइन ?

यसको ठीक उल्टो विगत बीस वर्षमा मुलुकमा विदेशी ऋण ह्वात्तै बढेर गएको छ। करीब २२ खर्ब विदेशी ऋण लिएको भए पनि त्यो पैसा कुन विकासको काममा प्रयोग भयो ? आज प्रत्येक नेपाली ७० हजार रुपियाँ ऋण आफ्नो टाउकोमा जन्मिनेबित्तिकै बोक्न बाध्य छ। कलकारखाना खोल्नु कता हो कता, उल्टै २४७ वटा ठूलासाना विदेशी तथा स्वदेशी सहयोगमा निर्मित कारखानाहरू बन्द भइसकेका छन्। झन्डै ८० लाख युवा यति बेला विदेशी भूमिमा मृत्युसँग पैठेजोरी खेल्न बाध्य छन्।

देशको महत्त्वपूर्ण शक्ति विदेश पठाएर कुनै देशको विकास हुन सक्छ ? यसबीच घटेका भ्रष्टाचारसम्बन्धी मुख्य घटनाहरू यति, ओमनी, वाइडबडी, ३३ किलो सुन, ७० करोड पानीटयाङ्कीकाण्ड, मलकाण्ड, बालुवाटार जग्गा, ललिता निवासलगायत घटनामा संलग्न दोषीहरूले किन सजाय पाएनन् ? उनीहरूले के कति कारणले उन्मुक्ति पाए ? निर्मला पन्त बलात्कार र हत्याकाण्डको अपराधी खोइ ? संसद् विकास कोषमार्फत प्रत्येक सांसदलाई गएको दश करोड रुपियाँको लेखा परीक्षण सार्वजनिक किन गरिँदैन ?

अनि यस्तो गज्याङमज्याङ गरेर विगत बीस वर्षदेखि लगातार सत्तासीन रहेकामध्ये कुनै पनि संसद्वादी पार्टी र तिनका नेता दूधले धोएका छैनन्। जनताबीच हावादारी कुरा गर्ने, उखान टुक्काले देश चलाउन खोज्ने, जनयुद्धको ब्याज खाएर जीवन निर्वाह गर्न खोज्ने गन्हाइसकेका काङ्ग्रेसलाई टाउकोमा बोकेर गौरवान्वित महसूस गर्ने मनोविज्ञानले नेपालका पार्टीहरू पत्रु बनेका छन्। गधालाई जसरी साबुन-पानीले नुहाइ दिएर गाई बन्दैन, ठीक त्यसैगरी संसद्वादी पार्टीहरू चाहे त्यो तथाकथित प्रजातान्त्रिक वा गणतान्त्रिक वा राजावादी किन होऊन् यतिबेला एउटै ड्याङका मूला हुन्। यिनीहरू जो आफूलाई कम्युनिस्ट भन्ने गर्छन् तिनीहरूसँग मार्क्सवादी दर्शन छ त ? कुन मार्क्सवादी दर्शनले भन्छ संसद्वादबाट समाजवाद र साम्यवाद आउँछ ? वास्तवमा यिनीहरू सबै दलाल पूँजीवादी व्यवस्था तथा दलाल पूँजीपतिका दलाल हुन्। यिनीहरू जतिचोटी जो जो जिते पनि जोजोसँग मिलेर सत्तामा गए पनि सबैले गर्ने काम एउटै हो- दलाल पूँजीपतिको हितको रक्षा तथा दलाल पूँजीवादी व्यवस्थाको संरक्षण र कमिशनले आफ्नो भरणपोषण। यसभन्दा बढी कसैले केही काम गर्नेछैन।

हामी सबैलाई थाहा भएकै कुरा हो। ताडको बोट रोपेपछि त्यसबाट सुन्तला, स्याउ, आँप, कटहरको आस गर्नु महामूर्खता हो। दलाल पूँजीवादी व्यवस्थाको चरित्र नै १५ प्रतिशत मानिसलाई सुखशान्ति दिने र ८५ प्रतिशत नागरिकलाई दुःखैदुःख दिने भएकोले जस्तोसुकै व्यक्तिलाई जिताए पनि सारमा केही फरक पर्दैन। जनताको लागि १४ वर्ष जेल बसेको व्यक्ति पटक-पटक मन्त्री र प्रधानमन्त्री हुँदा पनि केही गर्न सक्दैन भने अरूबाट के आस गर्ने ? जसले दश वर्षसम्म जनताको मुक्ति र समाजवाद साम्यवादको लागि जनविद्रोहको नेतृत्व गऱ्यो, त्यो व्यक्ति प्रधानमन्त्री तथा सत्ताको साँचो सधैं आफूसँग रहेको बताउँदै आउनेले पनि जनहितमा केही गर्न सकेन वा चाहेन। आफ्ना नातागोता, परिवारवादमा लागेर दलाल पूँजीवादको दलाली गरेर निरीह प्राणीजस्तो बेइज्जतिपूर्ण जीवन बिताएको तपाईं हामी सबैले देखिरहेका छौं। त्यस्ता व्यक्ति वा पार्टीले अब फेरि सत्तामा आउँदा नेपालीको मुहार फेरिने छ भन्ने आस कहिले नगर्नुस्। कुनै भाँडो काम नलाग्ने गरी फुटेको छ र त्यसबाट निरन्तर पानी चुहिरहन्छ भने त्यो भाँडोलाई जति टाले पनि र जहाँको पानी राखे पनि चुहिन छोड्दैन। केही बेरको लागि नचुहिएकोजस्तो देखिन्छ तर ढिलोचाँडो फेरि चुहिन्छ, चुहिन्छ। त्यसैले भाँडो टाल्ने काम अब छोड्नुपर्छ। नयाँ भाँडो किनेर ल्याउनुपर्छ। वर्तमानको सङ्घीय लोकतान्त्रिक गणतन्त्र कामै नलाग्नेगरी चुहिएको छ र यसमा पानी बदलेर परिणाम फरक हुँदैन। केपी ओलीलाई हटाएर शेरबहादुरलाई ल्याउँदा कुन चाहिं विकासको मूल फुटाए प्रचण्ड, माधव, भीम रावल र घनश्यामहरूले ?

# विश्व अन्डा दिवस : जनचेतना अभावमा अन्डा खपत कम

– नारायण अधिकारी

चितवन, २८ असोज/रासस

स्वास्थ्यका दृष्टिले महत्त्वपूर्ण प्रोटिनको स्रोत मानिने अन्डा, जनचेतनाको अभावमा खपत कम भएको छ। अन्डामा गुणस्तरीय प्रोटिन, भिटामिन, खनिज तत्त्व, ठिक्क मात्रामा चिल्लो पदार्थ पाइने भएर पनि यसको खपत कम भएको छ।

विज्ञका अनुसार मानिस शरीरमा सजिलै शोषित हुने एकमात्र खाद्यवस्तु अन्डा हो। यसमा मुख्यरूपमा गुणस्तरीय प्रोटिन, भिटामिन ई, ए, के, बि १, बि २, बि ३, बि ६, बि ९, बि १२ खनिज तत्त्व-फोस्फोरस, पोटाशियम, क्याल्सियम, म्याग्नेसियम, आइरनका साथै चिल्लो पदार्थ पनि ठिक्क मात्रामा पाइन्छ। यी तत्त्वले मान्छेको शरीरमा मांसपेशी र दिमागको पर्याप्त वृद्धि विकास, स्नायु र मुटुसम्बन्धी तथा अन्य शारीरिक र मानसिक कार्य समानरूपले चलाउन महत्त्वपूर्ण भूमिका खेल्दछ।

वरिष्ठ फिजिसियन डा महेन्द्र अग्रहरि प्रोटिनको सबैभन्दा राम्रो स्रोत अन्डा भएको बताउँछन्। अन्डामा प्रोटिन, क्यालोरी र मिनिरल्स पाइने उनको भनाइ छ। यो अन्डाको सेतो भागमा धेरै पाइन्छ। पहेंलो भागमा कोलेस्ट्रोल र मिनिरल्स पाइन्छ। उनी बच्चालाई कोलेस्ट्रोल पनि चाहिने हुँदा पहेंलो भाग खुवाउनुपर्ने बताउँछन्। कोलेस्ट्रोल, मधुमेह र उच्च रक्तचाप भएकालाई पहेंलो भाग नखान उनको सुझाव छ।

मादक पदार्थ धेरै खाएर प्रोटिनको मात्रा घटेका, कलेजोमा समस्या देखिएकाले प्रोटिन बढाउने मुख्य माध्यम अन्डा भएको डा अग्रहरिको भनाइ छ। उनले भने–"अन्डाले कलेजो र शरीरमा थिग्रिएको पानी सोस्न सहयोग गर्छ।" वयस्क र बच्चाले दैनिक कम्तीमा एउटा अन्डा खानुपर्ने उनको सुझाव छ।



शारीरिक विकास, मानसिक वृद्धि सबैमा अन्डा उपयोगी हुने उनको भनाइ छ। उनले भने–"मानिसलाई बुझाउन नसक्दा अन्डाको उपयोग कम छ।" यसका लागि उपयुक्त माध्यम जनचेतना नै भएको उनी बताउँछन्।

विश्वको तुलनामा नेपालमा अन्डाको उपभोग निकै कम छ। नेपाल पशु चिकित्सक परिषद्का उपाध्यक्ष, वरिष्ठ पशु चिकित्सक डा सुवीर सिंह एशियाका मानिसले वार्षिक १८० अन्डा उपभोग गर्नुपर्ने भए पनि नेपालमा यो दर ६१ मात्रै रहेको बताउँछन्। जापानमा यो दर ३६२ रहेको उनले जानकारी दिए। मानिसमा आवश्यक चेतनाको अभावका कारण खपत बढ्न नसकेको सिंह बताउँछन्।

उनले भने–"बेमौसमी काउलीभन्दा अन्डा सस्तो छ, तर बुझाउन नसक्दा

(बाँकी पाँचौं पातामा)

## विपत् व्यवथापनबारे कृत्रिम अभ्यास

प्रस, वीरगंज, २८ असोज/

नेपाल रेडक्रस सोसाइटी पर्साको सहयोग तथा ग्रीन सिटी सामुदायिक सेवा केन्द्रको आयोजनामा सामुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत शुक्रवार विपत् व्यवस्थापनबारे कृत्रिम घटना अभ्यास तालीम सम्पन्न भएको छ।



वीरगंज-१० आदर्शनगरस्थित पुरानो बसपार्कमा आगामी दीपावली र छठ पर्वमा हुन सक्ने विपत्का सम्भावित घटनाबारे सरोकारवालाहरूलाई जानकारी गराइएको थियो।

सो क्रममा वीरगंज महानगरको वारुणयन्त्र, नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाका टोलीले विपत्बाट जोगिने विभिन्न घटनाक्रमहरूका बारेमा कृत्रिम अभ्यास गरेर देखाएका थिए।

आगलागीलगायतका घटना कसरी नियन्त्रण गर्ने विषयमा कृत्रिम घटना गरी अभ्यास गराइएको थियो।

कार्यक्रम ग्रीन सिटीका अध्यक्ष प्रकाश खेतानको अध्यक्षतामा भएको थियो भने महानगरका उपप्रमुख इम्तियाज आलम, प्रजिअ उमेशकुमार ढकाल, सप्रजिअ भीमकान्त पौडेल, महेशराज तिमिल्सिना, प्रमुख सेनानी डायमन्ड कार्की, प्रहरी उपरीक्षक रमेश बस्नेत, सप्रनाउ चन्द्रकुमार थापा, प्रहरी निरीक्षक विशाल मल्ल, वाणिज्यदूत शशीभूषण, सामुदायिक आँखा अस्पतालका महेशसिंह धामी, सामुदायिक सेवा केन्द्र छपकैयाका ज्ञासुद्दीन ठकुराईलगायतको सहभागिता

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# भारतीय साहित्यकार सूर्यकान्त निराला

पुस्तक समीक्षा



सञ्जय मित्र


mitrasanjay41@gmail.com

नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाको तुलना जब भारतीय साहित्यकारसित गरिन्छ तब एउटा वाक्य भन्न वा लेख्न कसैले छुटाउँदैन कि भारतका महापण्डित राहुल सांकृत्यायनले भनेका थिए – देवकोटा हिन्दी साहित्यका पन्त, प्रसाद र निरालाका त्रिवेणी हुन्।

यी पन्त, प्रसाद र निराला को हुन् ? यतातिर खासै कसैको ध्यान जाँदैन । यिनै त्रिमूर्तिमध्ये एक भनिएका निरालाको पूरा नाम सूर्यकान्त त्रिपाठी निराला हो। निरालाको जन्म भारतको पश्चिम बङ्गाल प्रान्तको मेदिनीपुर जिल्लाको महिषादल रियासतमा सन् १८९९ फरवरी २१ का दिन भएको हो । उनका पिताको नाम पण्डित रामसहाय तिवारी थियो। तिवारी मूलरूपमा उत्तर प्रदेशको उन्नाव जिल्लाको गढागोला गाउँका निवासी थिए तर जागिरको क्रममा त्यहाँ पुगेका थिए। तिवारी महिषादलमा सिपाहीको नोकरी गर्दथे ।

हाई स्कुलसम्मको शिक्षा मात्र औपचारिकरूपमा लिएका निरालाले हिन्दी, संस्कृत तथा बङ्गला भाषाको स्वाध्ययन गरेका थिए। विपन्न परिवार तथा पिताको अत्यन्त सानो पदमा जागीर भएको हुँदा दुनियाँलाई निकै नजीकबाट अनुभूति गर्न पाएका निरालाको परिवारमा प्रथम विश्वयुद्धको निकै नकारात्मक प्रभाव परेको थियो । उसो त उनकी माताको मृत्यु यिनी तीन वर्षको हुँदा नै भएको थियो, बीस वर्षको हुँदा पिताको संरक्षकत्वबाट पनि विमुख भए। संयुक्त परिवारको पालनपोषणको कार्यभार काँधमा आयो। सन् १९१८ मा पत्नी मनोहरादेवी तथा छोरीसहित परिवारका अन्य केही सदस्यको मृत्युको पीडाले हृदयदेखि नै विह्वल भएका निरालाको जीवन आर्थिक–सङ्घर्षको एउटा दुर्लभ दृष्टान्त बन्न पुग्यो ।

करीब चार वर्ष महिषादलमा नोकरी गरेका निरालाको मनोविज्ञानमा साहित्य पहिलेदेखि नै थियो । एकपछि अर्को पीडादायी भोगाइ तथा मुटुको स्पन्दनमा परिरहेको चोटले प्रभावित निरालाको मन झन् साहित्यतिर उन्मुख भयो । सानैदेखि विभिन्न भाषाका साहित्य पढिरहेका र सम्भव भएसम्म गुनगुनाइरहेका निराला सन् १९२२ पछि साहित्य सेवामा लीन भए । सम्पादन, स्वतन्त्र लेखन तथा अनुवाद कार्यमा नै उनको जीवन बित्यो। १९२२ देखि १९२३ सम्म



कलकत्ताबाट प्रकाशित हुने समन्वय भन्ने पत्रिकाको सम्पादन गरे । यसैगरी मतवाला भन्ने पत्रिकाको सम्पादक मण्डलमा रहेर काम गरे । त्यसपछि १९३५ सम्म लखनउमा गङ्गा पुस्तकमालाको कार्यालयमा नियुक्ति लिई सुधा पत्रिका सम्पादनमा आबद्ध रहे । जीवनको लामो समय उनले यसैमा बिताएको देखिन्छ । करीब पाँच वर्ष उनले स्वतन्त्र जीवन बिताएको देखिन्छ। सन् १९४० देखि १९४२ सम्म अर्को एउटा पत्रिकामा संलग्न रहेर साहित्यको सेवा गर्दै त्यसपछिको समय भने इलाहाबादमा बिताएको देखिन्छ । मृत्युपर्यन्त इलाहाबादमा रहेर स्वतन्त्र लेखन तथा अनुवाद कार्यमा समर्पित रहे। सन् १९६१ अक्टुबर १५ मा आँखा चिम्ले ।

निरालाको साहित्यिक जीवनमा अनेक कृतिको सिर्जना भएको पाइन्छ। निरालाका अनामिका, परिमल, गीतिका, अनामिका द्वितीय, तुलसीदास, कुकुरमुत्ता, अणिमा, बेला, नये पत्ते, अर्चना, आराधना, गीतकुञ्ज, साध्य काकली, अपरा (सञ्चयन) काव्य सङ्ग्रह प्रकाशित छन्। यसैगरी अप्सरा, अलका, प्रभावती, निरूपमा, कुल्ली भाट, बिल्लेसुर बकरिहा, चोटीकी पक्कड, काले कारनामे, चमेली, इन्दुलेखा उपन्यास प्रकाशित छन् । यसैगरी लिली, सखी, सुकुलकी बीबी, चतुरी चमार र देवी कथा सङ्ग्रह प्रकाशित छन् । निरालाका रवीन्द्र कविता कानन, प्रबन्ध पद्य, प्रबन्ध प्रतिमा, चाबुक, चयन तथा सङ्ग्रह निबन्ध कृति प्रकाशित छन् ।

मनुष्यको मुक्तिजस्तै कविताको पनि मुक्ति हुन्छ भन्ने विचार राख्ने सूर्यकान्त निरालाको जन्म नै साहित्य सेवाको लागि भएको मानिन्छ । उनले जति पत्रिकाको सम्पादन गरे र जति कृतिको सिर्जना गरे, त्यति कृतिको सिर्जना र पत्रिकाको सम्पादन सामान्यतया एकजनाले गर्न ज्यादै कठिन छ ।

बङ्गालमा साहित्य सिर्जन गर्न प्रारम्भ गरेका निरालामा छायावादको प्रभाव पाइन्छ । यसैगरी उनी रहस्यवादका पनि चामत्कारिक सर्जक हुन्। यथार्थवाद त उनका काव्यको प्रमुख विशेषता नै हो। यदि यथार्थवाद मुखरित हुन्छ भने स्वाभाविकरूपमा प्रगतिवादी चिन्तन आउँछ। निराला एक प्रगतिवादी स्रष्टा थिए। साहित्य कलामा चमत्कारपूर्ण प्रयोगका विशिष्ट सर्जक निरालाका रचनामा सङ्घर्षले कहिल्यै विराम पाउँदैन।

कतिपय समालोचकले साहित्यकार निरालामा फरक प्रकृतिको अध्यात्मवादी पनि देख्दछन्। कतिपय काव्यमा अत्यधिक दार्शनिक भाव र दार्शनिक गहिराइका कारण सामान्य पाठकका लागि बोधगम्यताको अभाव अवश्य देखिन्छ तर

(बाँकी पाँचौं पातामा)

# दी अमेरिकन लाइफ

धारावाहिक



विश्वराज अधिकारी

akoutilya@gmail.com

**जातिविहीन समाज**

अमेरिकी समाज जातिविहीन समाज हो । रङ्गको आधारमा केवल काला र गोरागरी अमेरिकी समाज दुई भागमा विभाजित छ तर जातिको आधारमा विभाजित छैन । हुनत अहिले रङ्गको आधारमा एउटा अर्को विभाजन थपिएको छ। त्यो खेरौ (ब्राउन) अमेरिकन हो । एशिया महादेशबाट अमेरिका आएका र अमेरिकामा बसोवास गर्नेहरूलाई ब्राउन भन्ने गरिन्छ ।

रङ्गको आधारमा अमेरिकी समाज विभाजित भए तापनि जातिको आधारमा विभाजित छैन। उच्च जाति, तल्लो जाति भन्ने छैन। छुवाछूत भन्ने पटक्कै छैन। महिलाले आफ्नो इच्छा अनुसारको कुनै पनि पुरुष र पुरुषले आफ्नो इच्छा अनुसारको कुनै पनि महिलासँग विवाह गर्न पूर्ण स्वतन्त्रता छ । विवाह गर्दा दक्षिण एशियामा जस्तो आफ्नो जाति भित्रकै महिला वा पुरुषसँग विवाह गर्नुपर्ने कुनै पनि किसिमको पारिवारिक वा सामाजिक बाध्यता हुँदैन । परिवारले पनि आफ्ना सन्तानलाई फलानो पुरुष वा महिलासँग विवाह गर भनी दबाब दिंदैन, बाध्य पार्दैन। १८–२० वर्ष उमेर पुगेपछि सन्तानहरू आफ्ना आमाबाबुका घर छाडेर जाने र स्वतन्त्र भएर बस्ने हुनाले आफ्नो विवाहका लागि निर्णय गर्न उनीहरू पूर्ण स्वतन्त्र हुन्छन् । युवाहरूले स्वयं आफ्नो लागि पत्नी वा पति खोज्ने कार्य गर्दछन् । र त्यसरी पत्नी वा पति खोज्ने कार्यलाई 'डेटिङ' भन्ने गरिन्छ । डेटिङ गरेर पति वा पत्नी खोज्नु युवाहरूको दायित्वभित्र पर्छ।


अमेरिकी समाज जातिविहीन भएकोले जातिको आधारमा समाजभित्र कुनै पनि व्यक्तिलाई कुनै पनि किसिमले विभेद गरिएको पाइँदैन। एउटी अमेरिकी युवतीले अन्य देशको युवकसँग एवं एउटा अमेरिकी युवकले अन्य देशकी युवतीसँग विवाह गर्नु अमेरिकामा सामान्य कुरा हो । आफ्नो समाजभित्र जोसँग पनि विवाह गर्न स्वतन्त्र भएझैं विदेशीहरूसँग विवाह गर्न पनि अमरिकी स्वतन्त्र छन्। यो कारणले पनि अमेरिकी समाजलाई 'खुला समाज' वा 'स्वतन्त्र समाज' भन्ने गरिन्छ। कुनै एकल वा सीमित घटनालाई छाडेर कुरा गर्ने हो भने 'अन्ध राष्ट्रवाद' भावनाको वशीभूत भएर अमेरिकीहरूले हामी विदेशीसँग विवाह गर्दैनौं, केवल स्वदेशीसँग मात्र गर्छौं भनेको सुनिंदैन । बरु यसरी भनेको युरोपका केही देशहरूमा सुनिएको छ। आफ्नै देशभित्रका व्यक्तिसँग अर्थात् देशवासीसँगै विवाह गर्नुपर्छ र समान जाति र धर्मका व्यक्तिसँग विवाह गर्नुपर्छ भन्ने भावना दक्षिण एशियामा चर्को समस्याको रूपमा देखिएको छ ।

उच्च जाति, तल्लो जाति, शारीरिकश्रम गर्ने जाति, बौद्धिक कार्य गर्ने जाति, छूत जाति, अछूत जाति, फोहर कार्य गर्ने जातिजस्ता जातीय भावना राष्ट्रको आर्थिक एवं सामाजिक विकासका लागि घातक हुन्छ भन्ने कुरा अमेरिकी समाजले राम्ररी बुझेको छ। यो कारणले गर्दा पनि जस्तोसुकै कार्य गर्दा पनि कार्य गर्ने व्यक्तिले पूर्ण स्वाभिमानका सुम्पिएको कार्य गर्दछ । काम दिने व्यक्तिले पनि कामको आधारमा कामदारलाई कुनै पनि किसिमले हेप्ने कार्य गर्दैन ।

अमेरिकालाई विश्वको नै सर्वाधिक धनी राष्ट्र हुन अमेरिकाको जातिविहीन समाजले विशेष मदत पुऱ्याएको छ ।

# शीर्षनेताहरूको खल्तीमा कैद राजनीति

सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com

**राजनीतिक दलहरूको यस्तो रवैया रह्यो भने लोकतन्त्रको गरिमा मात्रै खस्ने छैन, जनसेवाको आडमा राजनीतिलाई पेशा बनाएका शीर्ष नेताहरूको खल्तीमा राजनीति कैद हुँदै जानेछ र औचित्यपरक राजनीतिक चरित्र समाप्त हुनेछ ।**

महान् सन्त कन्फ्युसियस आम जनता माझ उच्च सम्मानित व्यक्तित्व थिए । मानिसहरू उनी कहाँ समस्या लिएर जान्थे र निदान पाउँथे । कन्फ्युसियसले समस्यालाई राम्ररी सुन्थे, बुझ्थे र उचित समाधानको उपाय सुझाउँथे। यस कारण उनीप्रति आममानिसको विश्वास र भरोसा उच्च थियो ।

एकपटक राजनीतिको सन्दर्भमा केही प्रश्नसहित राजनीतीकर्मीहरू उनीकहाँ आए । तर्क–वितर्क चलिरहेको थियो । सोही क्रममा नेताहरूमध्ये एकजनाले प्रश्न गरे–"कृपया भन्नुहोस्, साँचो अर्थमा आदर्श र असल शासक को हुन सक्छ ?" प्रश्न सुनेपछि कन्फ्युसियसले उत्तर दिंदै भने–"जोसँग जनताको भरण–पोषण गर्ने पर्याप्त साधन, देशको रक्षा गर्न पर्याप्त सेना तथा हतियार र जसमाथि जनताको पूर्ण विश्वास हुन्छ, त्यो राजनेता महान्, असल र आदर्श शासक हुन सक्छ ।"

राजनीतिज्ञहरूले उनको उत्तर सुनेपछि पुनः प्रश्न गरे–"तर यीमध्ये पनि सबैभन्दा महत्त्वपूर्ण के हो ? कन्फ्युसियसले भने–"यीमध्ये सबैभन्दा महत्त्वपूर्ण भनेको जनताको विश्वास हो। दल, नेता वा सरकारप्रति जनताको विश्वास डगमगायो भने पतन निश्चित छ। शासकका लागि जनताको विश्वास बाहेक अरू केही महत्त्वपूर्ण हुन सक्दैन। विश्वसनीयता कायम राख्नु सजिलो कुरा होइन । किनभने हरेक संसाधन पैसाले किन्न सकिन्छ तर विश्वास किन्न सकिंदैन। विश्वास यस संसारमा एक यस्तो तत्त्व हो, जो केवल इमानदारी र असल आचरणद्वारा प्राप्त हुन्छ ।"

**नेपालको राजनिति**

मङ्सिर ४ गते निर्वाचनको मिति तोकिएसँगै राजनीतिक आचरण छताछुल्ल छ । टिकटको लागि कति मरिहत्ते हुन्छ भन्ने कुराको उदाहरण अहिले ताजै छ। जनताको विश्वास जित्ने कामभन्दा पनि टिकट पाउने अभिलाषा र विजयी हुने आकाङ्क्षाभन्दा बढी नेताहरूका लागि केही छैन। नामाङ्कनको दिनसम्म दल परिर्वत गर्ने पात्रहरूको कमी थिएन। यस्तो लाग्छ कि देश विकासको लागि नभई आकाङ्क्षीहरू पाँच वर्षे जागीर खान आतुर छन् ।

**गठबन्धन**

"बचपन से गाजर छाप के झन्डा ओढ के दल के काम करत आवतानी। नेताजी, आज कइसे हम मुरई छाप में भोट दी ?" एक कार्यकर्ता शीर्ष नेतासँग आफू बाल्यकालदेखि गाजर छाप झन्डा ओढेर दलको काम गर्दै आइरहेकोमा आज कसरी मूला छापमा मत दिउँ भन्दै प्रश्नात्मक गुनासो पोखिरहेका थिए ।

शीर्ष नेताले गठबन्धन भएको कुरा जति तोडमोड गरेर बताए पनि कार्यकर्ता उनको तर्कसँग सन्तुष्ट थिएन। कार्यकर्ताले नेतासँग थुप्रै प्रश्न गरे । के हाम्रो दलप्रति मतदाताको विश्वास समाप्त भइसकेको छ ? यदि छैन भने गठबन्धन गर्नुको कारण के हो ? चुनावी प्रतिस्पर्धामा जनतामाझ एक्लै जान नसक्नुको कारण के हो ? जस्ता कार्यकर्ताको प्रश्नको ओइरो लागेपछि नेताको हाल बाघले लखेटिरहेको स्यालझैं भइसकेको थियो।

गठबन्धनको नाममा दलको विचार तथा सिद्धान्तभन्दा फरक धारका दलसँग समन्वय गर्नुको अर्थ कार्यकर्ताहरूलाई बुझि नसक्नु छ । गठबन्धनको कारण अर्को दल र विपरीत धारका उम्मेदवारलाई मत दिनुपर्ने शीर्षस्थजनको आदेशले कार्यकर्ताहरूको मन अशान्त छ। असल कार्यकर्ताहरूमा घोर निराशा छाएको छ। यावत् कारणले शीर्षजनको हरकत कार्यकर्ताहरूबीच अहिले चर्चाको विषय बनेको छ। टिकट नपाएर दल परिवर्तन गर्ने त थुप्रै छन् । तर असल नियतको कार्यकर्ता गठबन्धन भएकै कारण दल प्रति असन्तुष्ट छन् ।

**हास्यास्पद तर्क**

दल परित्याग गर्ने नेताहरूसँग सामान्यतया म्याद सकिएका तर्क हुन्छन्। कतिपयले आफ्नो जातीय समुदायलाई उपेक्षा गरेको, क्षेत्रलाई बेवास्ता गरेको तथा इमानदारलाई टिकट नदिएको आरोप लगाउँछन् । टिकट नपाएपछि मात्र किन नेताहरू दलको कार्यशैली ठीक नभएको देख्छन् ? टिकटको टुङ्गो नलागेसम्म दलको अनुचित कार्यशैलीबारे चुइँक्क बोल्दैनन् ।

उनीहरूको तर्क म्याद सकिएको औषधिभन्दा फरक मान्न सकिंदैन । उनीहरूले आफ्नो–आफ्नो वा दलका कमी–कमजोरी नबुझेका भने होइन, केवल ढाकछोप गर्नको लागि तर्क पेश गर्दछन्। जुन विषय उठाएर दल परित्याग गर्दछन्, त्यसबारे दलभित्र कहिल्यै आवाज उठाएँ भनी बताउँदैनन् ?

दलभित्र अपवादबाहेक शीर्षदेखि भुइँतहसम्म व्यक्तिगत स्वार्थमा लिप्त छन्। कतिपयले टिकट नपाएर आक्रोशित हुन्छन् भने कतिपय, आफूसँगै आफ्ना आफन्तले पनि टिकट पाऊन् भन्ने स्वार्थ पूरा हुने अवस्था नदेखेपछि दल परिवर्तन गर्छन्। कतिले आफ्नो क्षेत्रको जनताको असन्तुष्टि बुझेर अन्य क्षेत्रबाट चुनाव लड्न नयाँ पार्टी प्रवेश गर्दछन् । दलका नेताहरूले विचारधाराको आवरण लिन सक्छन्, तर सत्य के हो भने उनीहरूसँग कुनै विचारधारा नै छैन । विचारधारा केवल कागजमा सीमित छ। दलमा आबद्ध रहेसम्म चुइँक्क नबोल्ने, दलको अवाञ्छित क्रियाकलाप देख्दादेख्दै थपडी बजाउने प्रवृत्ति दल परित्याग गरेसँगै मुख खुल्छ । केही दिन अघि आलोचना र निन्दा गर्दै आएको दलमा प्रवेश गरेसँगै सो दलको विचारधाराको प्रशंसा गर्न थाल्छन् । बिहान एक दलमा र साँझ अर्को दलमा प्रवेश हुने परम्पराले विचारशून्य राजनीतिक चरित्र उदाङ्गो हुन्छ ।

नेताहरू आफूले छाडेको पार्टीलाई असहज मात्र बनाउँदैनन्, आफू जोडिने पार्टीका लागि पनि समस्या सिर्जना गर्छन्, जसले गर्दा आफ्नो निर्वाचन क्षेत्रबाट चुनाव लड्ने तयारीमा रहेका नेतालाई झट्का लाग्छ। टिकट नपाएको झोंकमा विद्रोह गर्छन् वा अर्को पार्टीमा सामेल हुन्छन् वा स्वतन्त्र उम्मेदवारी दिन्छन् । जसरी चुनावको घोषणापछि दलबदल हुन्छ, उम्मेदवार घोषणापछि गुट उपगुटमा विभाजित हुने परम्परा नौलो होइन। जसले टिकट पाएन, उसले अर्को पार्टीमा गएर उम्मेदवार बन्न खोज्छ । टिकटको दाबेदारीका कारण झगडा नपरोस् भन्ने कुनै पनि दल पाठ सिक्न तयार छैन। आआफ्नै स्वार्थपूर्तिमा सबै लिप्त रहन्छन् ।

**सुधारको पहल गर्नुपर्छ**

**प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७९**




राजनीतिक दलहरूले जति दाबी गरे पनि उम्मेदवार छनोट प्रक्रिया पारदर्शी छैन । कतिपय दलले चुनाव अघि नै सर्वेक्षण गर्ने गरेको बताउँछन्। चुनावमा कसले जित्छ भन्ने कुराको खोजी गर्छन्। तर त्यस्ता सर्वेक्षणले सही तस्वीर दिनेमा शङ्का गर्नु असान्दर्भिक छैन । पैसा र शक्तिको बलमा टिकट दिने (बिक्री गर्ने) प्रणाली दलभित्रै अप्रजातान्त्रिक गतिविधिको पराकाष्ठा हो । देशलाई गणतन्त्रको दिशमा गति दिने दलभित्र बलतन्त्र हावी छ। जसले गर्दा दलभित्रको असन्तुष्टि जगजाहेर छ ।

कार्यकर्ताको सहभागितामा उम्मेदवार छनोट गर्दा गुटबन्दी, विद्रोह र घुसपैठ निरूत्साहित मात्र हुँदैन, योग्य उम्मेदवार पनि अगाडि आउँछ । उम्मेदवार छनोटमा मनमानी हुन थालेपछि उम्मेदवार बन्न नसकेकाहरू आफ्नै दलको लागि दलदल बन्न थालेका छन् ।

**थप अधिकार आवश्यक**

लोकतन्त्र बलियो बनाउन निर्वाचन आयोगलाई थप अधिकार दिनुपर्ने बेला आएको छ। आपराधिक पृष्ठभूमि भएका व्यक्तिलाई सदस्यता र टिकट दिने दललाई कारबाईको दायरामा नल्याएसम्म पारदर्शी निर्वाचनको कल्पना गर्न सकिंदैन। त्यस्तै अर्को समस्या भनेको पैसाको भरमा चुनाव जित्ने प्रवृत्ति हो। यी कमजोरीहरू लोकतन्त्रका धब्बा हुन्। समय–समयमा सञ्चारमाध्यम र सामाजिक सङ्घसंस्थाले निर्वाचन सुधारका लागि राजनीतिक दलको ध्यानाकर्षण गराए पनि त्यसतर्फ दलहरू गम्भीर नहुनु बलतन्त्रको पराकाष्ठा हो। राजनीतिक दलहरूको यस्तो रवैया रह्यो भने लोकतन्त्रको गरिमा मात्रै खस्ने छैन, जनसेवाको आडमा राजनीतिलाई पेशा बनाएका शीर्ष नेताहरूको खल्तीमा राजनीति कैद हुँदै जानेछ र आफ्नो स्वार्थको अगाडि आमजनताको विश्वास जस्ता औचित्यपरक राजनीतिक चरित्र समाप्त हुनेछ ।

# द्रोण पर्व-१७



महाभारतबाट सङ्कलन तथा अनुवाद

उमाशङ्कर द्विवेदी

अर्जुनले पनि ती दुवैलाई तीक्ष्ण बाणबाट घाइते पारी हजारौं सायकबाट तपाईंका सेनालाई लखेट्न थाले । त्यति बेला सबै सेना यत्रतत्र चारै दिशातिर भाग्न थाले । यस प्रकार त्यस युद्धमा तपाईंको सेनामाथि विजय पाई श्रीकृष्ण र अर्जुन अति प्रसन्न भई शङ्ख बजाउन थाले ।

उता धृष्टद्युम्नले तीनवटा बाण हानेर द्रोणाचार्यलाई घाइते पारी उनको धनुषलाई काटिदिए । द्रोणाचार्यले त्यस धनुषलाई छाडेर अर्को धनुष हातमा लिई धृष्टद्युम्नमाथि सातवटा बाण हाने तथा उनको सारथिमाथि पाँचवटा बाण हाने तर धृष्टद्युम्नले आफ्ना बाणबाट ती सबै अस्त्रको निवारण गरेर कौरवसेनाको संहार गर्न थाले । हेर्दाहेर्दै रणभूमिमा रगतको खोलो बग्न थाल्यो । यस प्रकार तपाईंको सेनालाई पराजित गरी धृष्टद्युम्न तथा शिखण्डीले आआफ्नो शङ्ख बजाउन थाले ।

सञ्जयले भने- महाराज, पाण्डवहरूद्वारा आफ्नो सेनाको विध्वंस भइरहेको तथा उनीहरूलाई रणभूमिबाट भागिरहेको हेरेर दुर्योधनलाई बडो क्रोध भयो । उनी द्रोणाचार्य र कर्णको छेउमा पुगेर अमर्षले भन्न थाले- यतिबेला पाण्डवसेनाले मेरो वाहिनीको विध्वंस गरिरहेका छन् र तपाईं दुवैजनाले पाण्डव सेनालाई जित्न समर्थ भएर पनि असमर्थझैं भई रमिता हेर्दै हुनुहुन्छ, यदि तपाईंहरूले मलाई त्याग्न चाहनुहुन्न भने अहिले पनि आफू योग्य पराक्रम गरेर युद्ध गर्नुहोस् ।

यो उपलाम्भ सुनेर ती दुवै वीरहरू पाण्डवहरूको सामना गर्नको लागि अगि बढे । यसै प्रकार पाण्डवहरू पनि आफ्नो सेनाको साथ बारम्बार गर्जना गर्दै ती दुवैमाथि जाइलागे । त्यति बेला द्रोणाचार्य क्रोधित भएर दशवटा बाणबाट सात्यकिलाई घाइते पारे । साथै कर्णले पनि दशवटा, तपाईंका पुत्रले सातवटा, वृषसेनले दशवटा र शकुनिले सातवटा बाण हाने । उता द्रोणाचार्यले पाण्डव सेनाको संहार गरिरहेको हेरेर सोमक क्षत्रियहरू तत्काल त्यहाँ आइपुगेर सबैतिरबाट द्रोणाचार्यमाथि बाण वर्षा गर्न थाले । आचार्य पनि चारैतिर बाणको झरी लगाएर क्षत्रियहरूको प्राण लिन थाले । उनको मारबाट पीडित भएर पाञ्चाल वीरहरू एकअर्कालाई हेरेर आर्त चित्कार मचाउन थाले । श्रीकृष्ण, अर्जुन, भीमसेन, युधिष्ठिर तथा नकुल र सहदेव हेरेको हेर्‍यै भए र उनको सेना द्रोणको प्रहारबाट पीडित भई हातमा बलिरहेको हजारौं मशाल फ्याँकी त्यस राति भागिहाले । चारैतिर अँध्यारोको साम्राज्य थियो । केही पनि देखिइरहेको थिएन, केवल कौरवसेनाको दीपकको प्रकाशमा शत्रु भागिरहेका देखिन्थे । महारथी द्रोण र कर्ण भाग्दै गरेको सेनाको पछाडिबाट बाणवर्षा गर्दै मारिरहेका थिए ।

यो सबै हेरेर भगवान् श्रीकृष्णले भने- अर्जुन, द्रोण र कर्णले धृष्टद्युम्न र सात्यकि तथा सम्पूर्ण पाञ्चाल योद्धाहरूलाई आफ्नो बाणबाट अत्यन्त घाइते पारिदिए । यिनीहरूको बाणवर्षाबाट तपाईंका महारथीहरूको साहस निखिइसक्यो, अब सेना रोकेर रोकिन्न । अर्जुनसित यस प्रकार भनेपश्चात् भगवान् श्रीकृष्ण र अर्जुन दुवैले सैनिकहरूसित भने- पाण्डवसेनाका शूरवीरहरू हो, तिमीहरू भयभीत भएर न भाग । भयलाई आफ्नो चित्तबाट निकालिदेऊ । हामीहरूले अहिले नै व्यूह रचना गरेर द्रोण र कर्णलाई दण्ड दिने प्रयत्न गर्दैछौं ।

श्रीकृष्ण र अर्जुनले यस प्रकार कुरा गरिरहेकै बेला भयङ्कर कर्म गर्न भीमसेनले आफ्नो सेनालाई फर्काएर शीघ्र त्यहाँ आइपुगे । उनलाई आएको हेरेर जनार्दनले पुनः अर्जुनसित भने- पाण्डुनन्दन, यो हेर्नुहोस्, सोमक र पाञ्चाल योद्धाहरूलाई साथमा लिई भीमसेन बडो वेगले द्रोण र कर्णतिर बढ्दै गइरहेका छन् । अब सेनालाई धैर्य दिलाउनको लागि तपाईं पनि यिनीहरूको साथमा युद्ध गर्नुहोस् ।

तदन्तर अर्जुन र श्रीकृष्ण द्रोण र कर्णको छेउमा गई सेनाको अग्रभागमा उभिए । अनि युधिष्ठिरको बडो भारी सेना पनि फर्किआयो । द्रोण र कर्णले पुनः शत्रुहरूको संहार गर्न आरम्भ गरे । दुवैतिरको सेनाबीच भीषण युद्ध हुन थाल्यो । त्यति बेला तपाईंको सेनाले पनि हातको मशाल फालेर पाण्डवहरूको साथ युद्ध गर्न थाले । चारैतिर अन्धकार र धूलो छाएको थियो । जसरी स्वयंवरमा राजाहरूले आआफ्नो नामको उच्चारण गर्दै आफ्नो परिचय दिन्छन्, त्यसै प्रकार त्यहाँ प्रहार गर्ने योद्धाहरूको मुखबाट उनीहरूको नाम सुनिंदै थियो । जताजता दीपकको प्रकाश देखिन्थ्यो, त्यतैत्यतै लडाकू सैनिक फटयाङ्ग्राझैं झुमिन्थे । यस प्रकार युद्ध गर्दागर्दै त्यस महारात्रिको अन्धकार धेरै घनीभूत हुन पुग्यो ।

तत्पश्चात् कर्णले धृष्टद्युम्नको छातीमा दशवटा मर्मभेदी बाणको प्रहार गरे । प्रत्युत्तरमा धृष्टद्युम्नले पनि कर्णमाथि दशवटा मर्मभेदी बाण हाने । यस प्रकार ती दुईटैले एक अर्कामाथि मर्मभेदी बाण हान्न थाले । अलिकबेरमैं कर्णले धृष्टद्युम्नको घोडालाई मारेर उनको सारथिलाई घाइते पारी तीक्खर बाणले उनको धनुषलाई काटी एउटा भल्ल प्रहार गरेर उनको सारथिलाई मारिदिए । अनि धृष्टद्युम्नले एउटा भयङ्कर परिघ प्रहार गरेर कर्णको घोडालाई मारिदिए । फेरि पैदल नै युधिष्ठिरको सेनामा पुगी सहदेवको रथमाथि गई बसे । क्रमशः...

# प्रजनन अङ्ग र प्रजनन

*गताङ्कको बाँकी*

गर्भाशयको बीचसम्म पुग्दा शुक्रकीटलाई थाहा हुँदैन कि डिम्ब दायाँ वा बायाँ कता छ । त्यति बेलै डिम्बले एउटा केमिकल छोडेर सूचना दिन्छ–म यता छु । अनि मात्र शुक्रकीट डिम्ब नजीक पुग्छ । यस क्रियामा १५ देखि ४५ मिनट समय लाग्छ । करोडौं शुक्रकीटलाई यस रेसमा पछाडि पारेर केवल ५०० मात्र गर्भाशयको अन्तिम भागसम्म पुग्छन् । त्यसमध्ये पनि २०० मात्र रेस जितेर डिम्ब समीप पुग्छन् । तर एउटा मात्र सौभाग्यशाली डिम्बमा प्वाल पारेर भित्र पस्न सफल हुन्छ । शुक्रकीटको तीन भाग हुन्छ : हेड, नेक र टेल । टेलले गर्दा त्यो भ्यागुताको बच्चाजस्तै क्रिया गर्दै अगाडि बढ्छ । यसको हेडमा एक्रोसोम हुन्छ, जसले डिम्बको खोल गलाएर प्वाल बनाउँछ । त्यसै छिद्रबाट शुक्रकीट डिम्बको न्युक्लियसमा पुगी स्त्री तत्त्वसँग समागम गरी बस्छ । शुक्रकीट भित्र पस्नेबित्तिकै डिम्बले आफ्नो खोल यति कडा बनाइदिन्छ कि बाँकी शुक्रकीटले जति कोशिश गरे पनि छेदन गर्नै सक्दैनन् । यही हो गर्भको अचम्भित पारिदिने प्रक्रिया । यही हो प्रकृति र पुरुषको मिलन । डिम्बको भोल्युम शुक्रकीटभन्दा दस मिलियन गुणा बढी हुन्छ । शुक्रकीटको आकारमा हेड ५ माइक्रोमीटर र टेल ५० माइक्रोमी हुन्छ । सबैभन्दा सानो स्पर्म गोहीको ०.०२ माइक्रोमी र सबैभन्दा ठूलो फ्रुटफ्लाईको २ इन्चको हुन्छ जुन उसको शरीरभन्दा २० गुणा बढी हो । मान्छेले यदि एक चोटीमा एक सय मिलियन शुक्रकीट छोड्छ भने भेडाले १०० बिलियन सङ्ख्यामा छोड्छ ।

यही हो गर्भको प्रारम्भिक प्रक्रिया जुन फैलोपियन नलीको एम्पुलामा हुन्छ । त्यसलाई जाइगोट भनिन्छ । एम्पुलाबाट जाइगोट अब गर्भाशयमा आउँछ । गर्भाशयको दायाँ वा बायाँ कुनै एक दिवालमा एउटा खाल्टोजस्तो बन्छ मानौं मानिसले बिरुवा लगाउन जमीनमा खाडल खनेजस्तै प्रकृतिले गर्भाशयमा खाडल पारि दिएको होस् । त्यस खाल्टोलाई अब एक झिल्लीले कभर गरिदिन्छ । त्यही कभर बीच गर्भ बढ्न थाल्छ । डिम्बमा केवल २३ क्रोमोजोम हुन्छ र शुक्रकीटमा पनि २३ क्रोमोजोम हुन्छ । दुवै मिलेर ४६ क्रोमोजोमसहित अब मान्छे पूर्ण मान्छे वा महिला हुन्छ । महिलामा केवल एक्स–एक्स र पुरुषमा एक्स र वाई दुई प्रकारका क्रोमोजोम हुन्छन् । जब पुरुषको एक्स क्रोमोजोम डिम्बसँग मिल्छ तब महिला बेबी र वाई क्रोमोजोम डिम्बसँग मिल्यो भने पुरुष बेबीको जन्म हुन्छ । यसरी पुरुष वा महिला बेबी जन्म दिन महिलाको कुनै हात हुँदैन किनभने त्यसमा त केवल एकै प्रकारको क्रोमोजोम हुन्छ । त्यसको प्रताडना पुरुषले पाउनुपर्नेमा उल्टै महिलाले पाउँछन् । यो सरासर गलत हो ।

जब गर्भ रहन जान्छ तब महीनावारी रोकिन्छ र गर्भाशयमा जम्मा भएको रगत अब भ्रूणको विकासमा खर्च हुन्छ । तीन महीनामा भ्रूणमा टेस्टेटरोन हार्मोन निस्कन थाल्छ जसले भ्रूणलाई पुरुष बनाउने काम गर्छ । त्यस पहिले पुरुष बेबी र महिला बेबीमा कुनै फरक हुँदैन । १२ हप्ताको भ्रूणलाई इम्ब्रियो, त्यस पछि फिटस र जन्मेपछि नियोनेट भनिन्छ । जन्मँदा बच्चा करीब तीन किलोको हुन्छ । कम वजनको बच्चालाई अन्डरवेट भनिन्छ । सात वा आठ महीनामा जन्मने बच्चालाई प्रिमेच्योर बेबी भनिन्छ । एस्ट्रोजन हार्मोनले महिलाको सम्पूर्ण विकास, प्रोजेस्ट्रोनले गर्भको विकास र आक्सिटोसिनले बच्चा जन्माउन मुख्य भूमिका निर्वाह गर्छ । गर्भाशयमा बच्चा प्लासिन्टाद्वारा आमाकै रगतबाट पोषण प्राप्त गर्छ । प्रोलेक्टिन भन्ने हार्मोनले दूध निकाल्ने काम गर्छ । १५ देखि ४५ मिनट सम्ममा आफैं वा मैन्युअली प्लासिन्टा बाहिर आइसक्नुपर्छ । नभए रगत बगेर आमाको मृत्युसमेत हुन सक्छ । औसत डेलिभरीको बेला लगभग ३५० मिली रगत बग्नु सामान्य हो । पहिलो बच्चाको टाउको तल छैन भने अवश्यम्भावी अपरेशन गर्नुपर्छ जसलाई सिजेरियन सेक्सन भनिन्छ । नयाँ उमेरका कुनैकुनै केटीलाई गर्भ पछि पनि दुई तीन महीना महीनावारी हुन सक्छ । यो स्ट्रोजेनको वेग बढी भएकोले हुन्छ । बच्चा भएपछि ४५ दिनभित्र गर्भाशय पुनः पहिलेको स्थितिमा आउँछ । गर्भको बेला यो नौगुणा भन्दा पनि बढी आकार प्राप्त गर्छ । नर्मल गर्भाशयको आकार ३,२ र १ इन्च हुन्छ । अर्थात् लम्बाइ ३, चौडाइ २ र मोटाइ १ इन्च हुन्छ । यसको वजन ६० ग्राम अथवा १ औंस हुन्छ ।

यदि गर्भ रहेन भने गर्भाशयमा भएको रगत परिपक्व डिम्ब र १००० थप अपरिपक्व डिम्बसहित प्रकृतिले योनिमार्ग बाट बाहिर फ्याँकिदिन्छ । यसरी हरेक २८ दिनमा महीनावरी १५ देखि ४५ वर्षका महिलामा भइरहन्छ । यी उमेरबीचको समयलाई फर्टाइल पिरियड भनिन्छ । शुरूआत भएको महिनावारीलाई मेनार्की र बन्द हुनेलाई मिनोपोज भनिन्छ जसलाई लगभग सबैले जानेका हुन्छन् । दुवैमा महिलामा व्यापक तीता–मीठा शारीरिक परिवर्तन हुन्छ । त्यसको व्यवस्थापन राम्ररी स्वयं वा कहिलेकाहीं चिकित्सकको सल्लाहले गर्नुपर्छ । डिम्बको प्रस्फुटन महीनावारीको शुरूदेखि गिन्ती गरेर १४ औं दिनमा हुन्छ । त्यस बेला शरीरको तापक्रम अलि बढी हुन्छ जसको दिनहुँ नाप गरेर पत्ता लगाउन सकिन्छ । जनावरले यसलाई गन्धले महसूस गरेर ठ्याकै त्यसै दिन मैटिङ गर्छ । तर मान्छे दिनदिनै सम्भोग क्रियामा संलग्न हुनाले पत्तो पाउँदैन । तर ओभ्युलेशनको एक हप्ता अगाडिदेखि एक हप्ता पछिसम्म दिनहुँ सम्भोग गर्‍यो भने गर्भ रहने सम्भावना बढी हुन्छ किनभने प्रकृतिमा ठ्याकै निश्चित केही छैन । संसारमा दश प्रतिशत जोडी सन्तान जन्माउन असमर्थ हुन्छ । उनको लागि रोबर्ट एडवर्डले खोज गरेको आइभिएफ थिरैपी वरदान साबित भएको छ । आजभोलि त सेरोगेसीबाट पनि बच्चा पाउने चलन चलेको देखिन्छ । तर मेरो विचारमा यो विल्कुल मान्य विषय होइन ।

प्रजननका लागि कुनै पनि प्रकारले शुक्रकीट र डिम्बको मिलन भए पुग्छ, जुन वर्षौंसम्म जोगाएर सिमेनबैंकबाट प्राप्त स्पर्मबाट पनि हुन सक्छ । तर प्रकृतिले प्रजननलाई एउटा ठूलो आनन्दसँग यस कारण जोडिदिएको छ कि प्रजननबाट कोही पनि अनाकर्षित नहोस् । त्यसको नाम हो चरमानन्द जुन महिला र पुरुष दुवैले सम्भोगक्रियाको अन्तमा प्राप्त गर्छन् । स्क्रोटमको समकक्षी महिलामा भगोष्ठ र शिश्नको समकक्षी महिलामा क्लाइटोरिस अथवा भगनासा हुन्छ । तर क्लाइटोरिसमा शिश्नभन्दा दोब्बर संवेदी नर्भएन्डिग हुन्छ । शिश्न र क्लाइटोरिस दुवैलाई पावरहाउस आफ प्लेजर भनिन्छ । जहाँ पुरुषको शिश्नको आकार बुढेस कालमा घट्छ त्यहाँ क्लाइटोरिसको आकार प्युबर्टीसम्म डेढ वा २ गुणाले बढ्छ तथा मिनोपोजपछि पनि जारी रहन्छ । स्पष्ट छ कि पुरुष भन्दा महिलाको चरमानन्द लामो र गहिरो हुन्छ ।

यति मात्र होइन, क्लाइटोरिस झन्डै शिश्नकै आकारको हुन्छ तर त्यसको एक चौथाइ नै बाहिर देखिन्छ । तीन चौथाई भाग भित्र हुन्छ । भित्रको त्यस भागले पेल्भिसमा १५००० थप संवेदी नर्भलाई झङ्कृत गरिदिन्छ । त्यस कारण महिलाको सेक्सको तुलना कोइलाको आगोसँग गरिन्छ जुन छिटो निभ्दैन र पुरुषको सेक्सको तुलना परालको आगोसँग गरिन्छ जुन नबल्न बेर लाग्छ, न निभ्न । यति मात्र होइन, पुरुष आर्गेज्मको सेन्टर मष्तिष्कमा भिन्नै र महिलाको भिन्नै सेन्टर हुन्छ । पुरुषको सेरिवेलम भन्ने ब्रेनमा एरिया ४, १४, १५ र १६ भागमा हुन्छ भने महिलामा हिप्पोकैम्पस भन्ने भागको १, २, १४, १५ को साथै फ्रोन्टल कार्टेक्स अर्थात् कपालको पछाडि हुन्छ । यसरी पुरुषको सेन्टर जहाँ खोपडीको पछाडि हुन्छ भने महिलाको खोपडीको अगाडि । यो अन्तर जमीन आसमान बराबर हो ।

आर्गेज्म एउटा यस्तो क्रिया हो जसमा सबै प्रकारको नर्भले भाग लिन्छन् : मोटर नर्भ जसले मांसपेशीलाई तन्काउने र रिलेक्स गर्छ, सेन्सरी अथवा संवेदी नर्भ त हुने नै भयो । ओटोनोमिक नर्भ जसमा हाम्रो कुनै इच्छा चल्दैन ती सबै एक साथ सक्रिय भएको हुन्छ । यसरी भनिन्छ कि खाली ती सेन्टर मात्र होइन, सम्पूर्ण ब्रेन एउटा यस्तो आनन्दको फोहराले आच्छादित हुन पुग्छ जसरी कारको शीशामा कुहिरो आच्छादित हुन्छ जसलाई वाइपरले सफा पारी पछि थप पारदर्शी र बढी स्पष्ट बनाइदिन्छ । आर्गेज्मपछि पनि चेतनाको डाइपरले थप सुस्पष्ट बनाउँछ । आर्गेज्मको बेला बायाँ आँखाको केन्द्र र अरू धेरै भाग सटडाउन हुन्छ । ती सबै बढी स्पष्टताले खुल्छन् । आर्गेज्म अरू केही होइन, मूलाधार चक्रबाट तलतिरको शक्तिपात हो । पानी जस्तै शक्ति पनि तलतिर सजिलै प्रवाहित हुन्छ । चट्याङ शक्ति हो, माथि होइन तल खस्छ । यसमा गुरुत्वाकर्षणको नियम लागू हुन्छ । पानीलाई माथि चढाउन मोटर चाहिन्छ । योगीहरूले आफ्नो योग र साधनारूपी मोटर प्रयोग गरेर यही मूलाधार चक्रको शक्तिलाई जब माथि चढाउँदै सहस्त्रदलमा पुर्‍याउन सफल हुन्छन् तब त्यसलाई ब्रह्मानन्द भनिन्छ । त्यसै कारण ऋषिमुनिहरूले आर्गेज्मलाई ब्रह्मानन्दको सहोदर भनेका छन् । प्रकृतिले हामीलाई ब्रह्मानन्दसँग भेट नगराए पनि उसको सहोदररुपी चरमानन्दको वरदान सबैलाई दिएकी छन् जसको लागि कसैले कुनै साधना गर्नुपर्दैन ।

रजनीशले भनेका छन् कि यदि मानिस एक घण्टासम्म आर्गेज्मको अवस्थामा रहन सक्यो भने त्यही ब्रह्मानन्दमा परिवर्तित हुन्छ । तर यस क्षणिक कुरालाई एक घण्टासम्म लम्ब्याउने तागत शायद योगीमा नै होला । साधारण मनुवालाई क्षणिक नै वरदान स्वरूप छ । जब योनिमार्गमा वीर्यपात हुन्छ तब त्यसलाई योनीले अवशोषित गरेर महिलामा सन्तोष, मूड र निद्रामा राम्रो असर पार्छ । यति मात्र होइन, त्यसले रगत भएर ब्रेनको हाइपोथैल्मसमा पुगेर यो भन्छ कि म आइपुगेको छु । अब तिमीले गर्भधारणको लागि आफ्नो रस निकाल । माथिको आर्गेज्मको व्याख्या हटाइदिए पनि यति मात्र के कम छ ? ठीक यही कुरा पुरुषमा शिश्नले योनिरस अवशोषित गरे पछि हुन्छ । अतः सम्भोग पछि जोडीले तुरुन्त अलग हुनुहुँदैन । योनि र शिश्नलाई एकअर्काको स्त्राव अवशोषित गर्ने अधिकतम समय दिनुपर्छ । भएन त यो अद्भुत विज्ञानको शाखा । अस्तु !

वाटिका



डा शिवशङ्कर यादव

shivshankaryadav3398@gmail.com

**रजनीशले भनेका छन् कि यदि मानिस एक घण्टासम्म आर्गेज्मको अवस्थामा रहन सक्यो भने त्यही ब्रह्मानन्दमा परिवर्तित हुन्छ । तर यस क्षणिक कुरालाई एक घण्टासम्म लम्ब्याउने तागत शायद योगीमा नै होला । साधारण मनुवालाई क्षणिक नै वरदान स्वरूप छ ।**

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल

(राधामाधव स्वामी)

मूर्ली बगैंचा, वीरगंज

हामीहरू आफैंले गर्ने हो । आन्तरिक जीवनमा प्रगति गर्नुछ भने हरघडी आफैंले आफूलाई रूपान्तरण गर्नको लागि, आफूलाई जागृत गर्नको लागि तयार रहनुपर्छ तब मात्र गुरुले दिएको ज्ञान काम आँउछ । सचेतनापूर्वक आफूलाई बदल्ने कला जुन दिन आउँछ, त्यै दिनदेखि तपाईंलाई आनन्द महसूस हुन थाल्नेछ किनकि एकै ठाउँमा अडिनु, एकै ठाउँमा जम्नु, आफूलाई बदल्न नचाहनु, परिवर्तन हुन नचाहनुमा आनन्द छैन । वास्तवमा हामीहरूलाई कुनै पनि बासी चीज राम्रो लाग्दैन । प्रत्येक चीजमा नयाँपन राम्रो लाग्छ । बाहिरी चीजहरूबाट नवीनता ल्याउने कोशिश गर्नुभन्दा भित्रबाट नवीनता ल्याउन सिके जीवन धन्य हुन्छ । हामीहरू आफूमा के परिवर्तन गर्नुछ भनेर थाहा पाउनै धेरै समय र श्रम खर्च गर्दछौं तर जब परिवर्तन गर्नुपर्ने कुरा थाहा हुन्छ तब अनेकौं बहाना बनाएर पछि सर्ने गर्छौं र आफूलाई परिवर्तन गर्दैनौं । आफूलाई परिवर्तन गर्ने निश्चय मनमा छैन, परम्पराको आडमा आफ्नो मनभित्रको डर निकाल्ने हिम्मत छैन भने तपाईंका गुरुले पनि तपाईंको लागि खासै केही गर्न सक्दैनन् किनकि के परिवर्तन गर्ने भन्ने जानेर मात्र केही फाइदा हुँदैन । जबसम्म त्यसलाई कार्यरूप दिइँदैन, तबसम्म यसबाट केही फाइदा हुँदैन । समर्थ गुरु प्राप्त गर्नु अपरिहार्य छ, यसमा दुई मत छैन । आफूलाई परिवर्तन गर्ने तरीका, आफू रूपान्तरण हुने तरीका, आफू जागृत हुने तरीका एकपटक हात लाग्यो भने त्यो गुरुभन्दा महत्त्वपूर्ण हुन्छ । अन्तःकरण शुद्धिको कार्य स्वयंले नै गर्ने हो । जब हाम्रो जीवनबाट केही गलत बाहिर निस्कन्छ तब मात्र हाम्रो जीवन भित्र केही श्रेष्ठता प्रवेशको मार्ग खुल्दछ र केही मात्रामा भएपनि श्रेष्ठता हाम्रो जीवनमा प्रवेश गर्दछ । श्रेष्ठता प्रवेशको मतलब जीवनमा आनन्दको प्रवेश हो । जसले हरपल आफूलाई रूपान्तरणको लागि तयार राख्दछ उही सच्चा आनन्दको भागीदार हुन्छ । अन्तःकरण शुद्धिका लागि आवश्यक परिवर्तन चाहने मानिसले मात्र आफ्नो जीवनमा आनन्द भित्र्याउन सक्छ । जीवन रूपान्तरण नगरी आनन्द खोज्नेको जीवन त्यसै बितेर जान्छ तर आनन्द आउँदैन । जुन व्यक्तिले आफूलाई रूपान्तरण गर्न सक्दैन, उसले आफ्नो गुरु बदलिरहन्छ । जहिले पनि उसलाई मैले सही गुरु भेटिनँजस्तो लाग्छ । गुरुले त उनले गर्नुपर्ने काम गरिदिए तर उसले आफूले गर्नुपर्ने काम गरेन र दोष जति गुरुलाई दियो । उसले आफ्नो पात्रता तयार गरेन । जबसम्म तपाईं आफ्नो भूमिका राम्ररी पूरा गर्नुहुन्न तबसम्म यो गुरु बदल्ने काम चलि नै रहने छ । जुन दिन तपाईंले आफ्नो भूमिका बुझ्नुहुनेछ त्यसै दिन गुरु जोसुकै भएपनि सबै कुरा सजिलै बुझ्नुहुनेछ । भन्ने तरीका अलग अलग हुन सक्छ । बहाना वा प्रसङ्ग अलग अलग हुन सक्छ । आन्तरिक जीवनको आनन्द प्राप्त गरी तपाईं पुलकित हुनुहुनेछ ।

मानिसको पवित्र विचारलाई धर्म भनिन्छ । यसले आफू स्वयं तथा अन्यलाई समेत दूषित बनाउँदैन । धर्म मानिसको नितान्त आन्तरिक सरोकारको कुरा हो । इन्द्रियहरूद्वारा गरिने शारीरिक क्रियाले मानिसलाई पवित्र वृत्तितर्फ लैजान सहायक सिद्ध हुन्छन् तर शारीरिक क्रिया आफैंमा धर्म भने होइन । मन्दिर जानु धर्म होइन, तर मन्दिर गएर आफ्नो विचारलाई पवित्र पार्नु धर्म हो । मन्दिर जानु शारीरिक क्रिया हो भने त्यसको लक्ष्य विचारलाई पवित्र पार्नु हो । हामीले व्यवहारमा गर्ने क्रिया–जस्तै, बोल्नु, सोच्नु जस्ता कुनै कार्य गर्दा सकारात्मकरूपले अरूको समेत भलाई हुनेगरी गर्‍यौं भने त्यसले आन्तरिक तथा बाह्य दुवै जीवनमा र भोलि आउने दिनमा समेत सकारात्मक परिणाम आउँछ, यसैलाइ वृत्ति भनिन्छ । अरूलाई दुःख दिनुभयो भने त्यो भोलिका दिनमा वृत्ति बनेर तपाईंकै जीवनमा सुख बनेर आउँछ । यसैगरी यदि तपाईंले कसैको भलाई गर्नुभयो भने कालान्तरमा त्यो वृत्ति बनेर तपाईंको जीवनमा सुख बनेर आउँछ । त्यसैले हामी जे बोल्छौं त्यो हामी आफैंले आफूलाई भनिरहेका हुन्छौं । किनकि प्रकृतिले तपाईंको हरेक बोलाइ, गराइ, हेराइ तथा सोचलाई बीजको रूपमा ग्रहण गरिरहेको हुन्छ । तपाईं प्रकृतिलाई सकारात्मक बीज दिनुस् उसले त्यसलाई अझ धेरै बनाई तपाईंलाई नै फिर्ता गरिदिन्छ । तपाईंले मकैको गेडा रोप्नुभयो भने प्रकृतिले तपाईंलाई सिंगो घोगा बनाएर फर्काइदिन्छ । यो प्रकृतिको प्रक्रिया अनौठो छ । यसैले धार्मिक क्रियाहरू वृत्ति पवित्र गर्न सहायक सिद्ध हुन सक्छन् भनिएको हो । तर यी क्रिया आफैंमा धर्म चाहिं होइन ।

धर्म एउटै हुन्छ । धर्म फरक–फरक हुँदैन । जसमा फरक छुट्याउन सकिन्छ त्यो धर्म होइन । त्यो धर्म नभएर साम्प्रदाय हो । यही सम्प्रदायलाई विभिन्न धर्मको नाम दिएर, सर्वसाधारणलाई खासमा धर्म के हो भन्ने सरल जानकारी प्राप्त हुँदैन र सम्प्रदाय नै धर्म हो कि भन्ने भ्रम पर्छ । हामीहरूले मानव जीवनको असली उद्देश्य बिर्सिसकेका छौं । जब हामी विशेष समुदायमा पैदा हुन्छौं तब त्यस समुदायका मुखियाहरूले हाम्रो धर्म सबैभन्दा राम्रो छ अरूको धर्म राम्रो छैन भनेर हाम्रो दिमागमा भर्ने गर्छन् । आफ्नै धर्म विकसित गर्नुपर्छ, जसले गर्दा हामीहरू अगाडि जान सकौं र अरू धर्मका मानिस पछाडि परून् । हामीभित्र यसरी प्रतिस्पर्धाको भावना पैदा गराइन्छ । हामीलाई पनि यी कुरा धर्मपरायण लाग्छन् । यस्ता मानिस हामीलाई जिम्मेवार लाग्छन् । हामीहरू उनीहरूलाई सम्मानको दृष्टिले हेर्छौं । उनीहरू नै हाम्रा हितैषी हुन्जस्तो लाग्छ । क्रमशः

## अन्तर्राष्ट्रिय समाचार

# नाइजेरियाली विश्वविद्यालयका प्राध्यापकहरूको आठ महीनाको हडताल अन्त्य




पछिल्लो दिनमा नाइजेरियाका विश्वविद्यालयका प्राध्यापकहरूको आन्दोलनको दृश्य । तस्वीरः एएफपी

लागोस, २८ असोज/एएफपी

नाइजेरियाका विश्वविद्यालयका प्राध्यापकहरूले शुक्रवार तलब र अन्य सुविधाहरूलाई लिएर आठ महीनाको हडताल अन्त्य गरेका छन् ।

युनिभर्सिटीको एकेडेमिक स्टाफ युनियन (एएसयुयू)ले गरेको हडतालले सरकारसँग युद्धविरामका लागि वार्ता गरे पनि फेब्रुअरी १४ देखि सङ्घीय सरकारको स्वामित्वमा रहेका विश्वविद्यालयहरू बन्द गरेको हो । एएसयुयूले ट्विटरमा विवरण नदिई 'हडताल स्थगित गरेको' घोषणा गऱ्यो । युनियनका वकील फेमी फलानाले एएफपीलाई लामो समयदेखि बन्द हडताल अन्त्य गर्ने निर्णय बिहीवार ढिलो गरिएको बताइन् । निर्णय हिजो राति लिइएको थियो । एएसयुयूले आज बिहान अबुजामा एक प्रेस सम्मेलन गरी आधिकारिकरूपमा निर्णय घोषणा गऱ्यो । नाइजेरिया, एक सङ्घीय एकाइ, ३६ राज्य र प्रशासनिक राजधानी अबुजा समावेश गर्दछ । पछिल्लो हडताल एएसयुयूद्वारा दोस्रो सबैभन्दा लामो थियो । रासस

# श्रीलङ्काले म्यानमालाई कोभिड १९ को खोपहरू सहयोग गर्ने

कोलम्बो, २८ असोज/सिन्ह्वा

श्रीलङ्का सरकारले म्यानमालाई चार करोड अमेरिकी डलर बराबरको कोभिड-१९ विरुद्धको खोप सहयोग गर्ने भएको छ ।

स्वास्थ्यमन्त्री केहेलिया रम्बुक्वेलाले शुक्रवार यहाँ पत्रकारहरूलाई बताएका हुन् ।

उनले श्रीलङ्कासँग फाइजर भ्याक्सिनको ९० लाखभन्दा बढी डोज रहेको र म्यानमालाई ६० लाख दिने योजना रहेको बताएका छन् । मन्त्री रम्बुक्वेलाले यो वर्षको अन्त्यसम्ममा खोपको म्याद सकिने बताएका छन् । श्रीलङ्काका अधिकारीहरूले म्यानमामा खोपहरू पुऱ्याउन विश्व स्वास्थ्य सङ्गठनसँग काम गरिरहेको रामबुक्वेलाले बताएका छन् । रासस

# इराकको राष्ट्रपतिमा रशिद निर्वाचित

बगदाद, २८ असोज/एएनआई

इराकको राष्ट्रपतिमा कुर्द राजनीतिज्ञ अब्दुल लतिफ रशिद निर्वाचित भएका छन् । संसद्मा बिहीवार भएको मतदानपछि उनी राष्ट्रपति निर्वाचित भएको सभामुखले घोषणा गरेका थिए । नयाँ राष्ट्रपति चयनका लागि संसद्मा दुईपटक मतदान भएको थियो ।

देशमा नयाँ राष्ट्रपति चयन गरिएसँगै इराकको राजनीतिक गतिरोध अन्त्य हुन लागेको विश्वास गरिएको छ । नवनिर्वाचित राष्ट्रपति रशिदले वर्तमान राष्ट्रपति बर्हाम सालेहलाई विस्थापित गर्नेछन् । रशिदले उनैलाई पराजित गरेका हुन् ।

मतदानमा सहभागी सांसदहरूमध्ये १६० जनाले नवनिर्वाचित राष्ट्रपति रशिदलाई समर्थन गरेका थिए भने ९९ जनाले सालेहलाई मतदान गरेका थिए । नयाँ राष्ट्रपति चयन गर्न इराकको संसद् यस अघि दुईपटक असफल भएको थियो ।



अहिले ७८ वर्ष उमेर पुगेका रशिद यस अघि सन् २००३ देखि २०१० सम्म जलस्रोत मन्त्री थिए । रासस

### विश्व अन्डा दिवस....

खपत हुन सकेन ।" प्रोटिनको मुख्य स्रोत अन्डा निकै सस्तो भएर पनि उपभोग बढाउन नसकिएको उनको भनाइ छ ।

नेपालमा सबैभन्दा धेरै अन्डा उत्पादन गर्दै आएको दाउन्ने कर्पोरेटका कार्यकारी निर्देशक विनोद पोखरेल सरकारी तवरबाट अन्डाको महत्त्वबारे आम नागरिकलाई बुझाउन नसक्दा खपत नबढेको बताउँछन् । निजी क्षेत्रले लागत मूल्य बढी भएकोले जनचेतनामूलक काम गर्न नसकेको भन्दै उनले नेपालमा आत्मनिर्भर यो व्यवसायलाई टिकाउन सरकारी तवरबाट काम हुनुपर्ने बताए ।

कोरोनाका बेला अन्डाको उपभोग निकै बढेको भन्दै उनले यसको महत्त्वबारे आम नागरिकलाई बुझाउनुपर्ने बताए । नेपालमा ठूला फार्म खुलेका जनाउँदै उनले व्यवसाय आत्मनिर्भर बनाउन सरकार र निजी क्षेत्रबीच सहकार्य हुनुपर्नेमा जोड दिए ।

नेपाल अन्डा उत्पादक सङ्घका केन्द्रीय अध्यक्ष शिवराम केसीको भनाइमा अहिले दैनिक ४८ देखि ५० लाख अन्डा उत्पादन हुँदै आएको छ । सङ्घमा आबद्ध फार्म मात्रै १२०० छन् । सङ्घमा दर्ता नभएका साना फार्म तीन गुणा बढी भएको उहाँ बताउँछन् । दुई लाखभन्दा बढीलाई प्रत्यक्ष र अप्रत्यक्ष रोजगार यसले दिएको छ । समग्र पोल्ट्री क्षेत्रमा नेपालमा रु एक खर्ब ५० अर्बभन्दा बढी लगानी रहेको तथ्याङ्क छ । त्यसको झन्डै आधा अन्डा उत्पादन क्षेत्रमा लगाानी भएको उनले जानकारी दिए । यद्यपि उचित प्रचारप्रसारको कमीका कारण उपभोग बढाउन नसकिएको उनले बताए ।

मानिसको क्रयशक्तिमा कमी आउँदा प्राथमिकतामा अन्डा पर्न नसकेको उनको भनाइ छ । नागरिकलाई बुझाउन सके स्वास्थ्यका लागि अन्डाको खपत बढाउन सकिने केसी बताउँछन् ।

### ड्राइपोर्ट.............

कार्यालयबाट नभएको उनले आरोप लगाए ।

हजारौं सवारीसाधन गुड्ने सो क्षेत्र एकदमै खाली राख्नुपर्ने हो तर पर्सा प्रहरी र ट्राफिक प्रहरीले ध्यान दिएका छैनन् । गाडीधनीहरूबाट यो किन्दिनुस्, त्यो किन्दिनुस् भन्दै चन्दा उठाउँदै सुरक्षाकर्मीहरू हिंडेको आफूले सुनेको उनले बताए । यदि यस विषयमा स्थानीय प्रहरी एकाइ गम्भीर नभए स्थानीय जनता कडा आन्दोलनमा उत्रिने उनले चेतावनी दिए ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यलाभ | वृष – वादविवाद |
| मिथुन – यात्रालाभ | कर्कट – कडाश्रम |
| सिंह – चोरभय | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – धनखति |
| धनु – यात्रालाभ | मकर – कडाश्रम |
| कुम्भ – चोरभय | मीन – उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे


### वीरगंजका........

प्रमुख विपिनलाल दास, गुणस्तर तथा नापतौलका प्रतिनिधि आनन्द गुप्ता, जिल्ला प्रशासन कार्यालयका गौरीशङ्कप्रसाद गुप्ता, जिल्ला प्रहरी कार्यालय, पर्साका मीनबहादुर रमौली, वीउवासङ्घका मनोजकुमार दासको टोलीले वीरगंजमा रहेका होटल मेजबानी, क्यापे मोका, होटल बिकानेर, अनमोल, डाउनटाउन पिज्जाको अनुगमन गरेको थियो ।

सो क्रममा क्याफे मोकामा गुणस्तरहीन पाउरोटी भेटियो थियो भने डाउनटाउन पिज्जामा मिति सकिएको पेप्सी फेला परेको थियो । पाउरोटी र पेप्सीलाई पसलअगाडि नष्ट गरिएको बताइएको छ ।

# श्रीसिया नदी प्रदूषणमुक्त बनाउन छलफल

प्रस, वीरगंज, २८ असोज/




तस्वीरः प्रतीक

श्रीसिया नदी प्रदूषणमुक्त गर्ने सम्बन्धमा शुक्रवार वीरगंज उद्योग वाणिज्य सङ्घको सभाकक्षमा सरोकारवालाहरूको बैठक भएको छ ।

सङ्घका अध्यक्ष सुबोध गुप्ताको अध्यक्षता तथा वीरगंज महानगरका प्रमुख राजेशमान सिंहको प्रमुख आतिथ्यमा भएको बैठकमा पर्सा र बाराका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, कृष्णबहादुर कटुवाल, वीरगंजका उपप्रमुख इम्तियाज आलम, जीतपुरसिमरा उपमहानगरका उपप्रमुख भोला अधिकारी, वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका वाणिज्यदूत तरुण कुमार, प्रहरी उपरीक्षक रमेश बस्नेत, सशस्त्र प्रहरी नायब उपरीक्षक सन्तोष बस्नेत, वीउवासङ्घका वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवाल, उपाध्यक्षद्वय हरि गौतम, माधव राजपाल, सचिव आशिष लाठ, सहकोषाध्यक्ष प्रेमचन्द्र गोयललगायतको सहभागिता थियो ।

छठ पर्व नजीकिएसँगै श्रीसिया नदी प्रदूषणमुक्त गर्नेबारे यसअघि यसैगरी सरोकारवालाहरूको बैठक बस्ने गरेको थियो । छठलाई लक्षित गरेर जिल्ला प्रशासन कार्यालय, पर्साले श्रीसिया नदीसँग जोडिएका उद्योगहरूलाई फोहर विसर्जनमा रोक लगाउँदै आएको थियो । यसपटक भने यो कार्यको अगुवाइ वीरगंज महानगरपालिकाले गरिरहेको छ ।

# दुई महीनामा वीरगंजका १६ वटा फर्म कारबाईमा

प्रस, वीरगंज, २८ असोज/



तस्वीरः प्रतीक

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, पर्साले भदौ र असोजमा १६ वटा फर्मलाई कारबाई गरेर तीन लाख १५ हजार राजस्व सङ्कलन गरेको छ ।

वाणिज्य कार्यालय, पर्साले जनाए अनुसार विभिन्न सरोकारवाला कार्यालय र संस्थाहरूको सहभागितामा गरिएको अनुगमनमा मूल्यसूची नराखेका, खरीद बिल नदेखाएका र अनुगमनमा असहयोग गरेकासमेत गरी १६ वटा फर्मलाई कारबाई गरिएको जनाएको छ ।

आकर्षण ब्युटीपार्लर, मिलन जनरल स्टोर्स, खड्का कोल्ड ड्रिंक्स, टिबडेवाला इम्पेक्स, नीलाम्बरी, पशुपति भण्डार, फन एन्ड फन, दाजुभाइ चुरा पसल, फेशन आइकन स्टोर्स, पिआर ट्रेडर्स, लक्ष्मी कस्मेटिक, न्यू समी ट्रेडर्स, अन्नपूर्ण साडी सेन्टर, लक्ष्मीनारायण वस्त्रालय, राजघराना ट्रेडर्स र आरके किरानालाई कारबाई गरिएको र तिनीहरूबाट तीन लाख १५ हजार राजस्व सङ्कलन भएको जनाएको छ ।

यी सबै फर्म वीरगंज महानगरपालिका अन्तर्गतका हुन् ।

# सेढवामा एमालेको अगुवा कार्यकर्ता भेला

नितेश कर्ण, वीरगंज, २८ असोज/



तस्वीरः प्रतीक

नेकपा एमाले, पर्साको आयोजनामा शुक्रवार जीराभवानी गाउँपालिका-२ सेढवामा अगुवा कार्यकर्ता भेला सम्पन्न भएको छ ।

भेलाका प्रमुख अतिथि नेकपा एमाले पर्साका इन्चार्ज प्रभु हजराले सत्तारूढ गठबन्धनबाट यसअघि जितेकाहरूले ४ नम्बर क्षेत्रको विकासमा रुचि नदेखाएको आरोप लगाए । उनले एमालेले जितेर विकासको लहर ल्याउने दाबी गरे । एमालेका सबै कार्यकर्तालाई गठबन्धन अनुसार मतदान गर्न सुझाए ।

अगुवा कार्यकर्ता भेलामा एमालेकी नेत्री एवं जीराभवानी गापाकी पूर्वउपाध्यक्ष उषादेवी थरुनीले एमाले-जसपाको गठबन्धनका उम्मेदवारहरूले जित्ने ठोकुवा गरिन् ।

मत बदर नहोस् भन्नेतर्फ अहिलेदेखि नै सचेत गराउनुपर्ने उनले सुझाव दिइन् । स्थानीय चुनावमा मतदाताहरूलाई सचेत नगराइएको कारण धेरै मत बदर भएकोतर्फ सङ्केत गर्दै उनले मङ्सिर ४ गते हुने निर्वाचनमा त्यस प्रकारको मत बदर नहोस् भन्नेतर्फ आम मतदातालाई सचेत गराउन आग्रह गरिन् ।

एमाले जिल्ला कमिटी सदस्य अनुप तिवारीले आगामी निर्वाचनमा एमालेको जीत सुनिश्चित भएको दाबी गरे । एमाले नेतृत्वको सरकार बनाउन, ठोरीलाई पर्यटकीय स्थल बनाउनलगायतका कार्यका लागि एमालेको जीत आवश्यक भएको उनले बताए ।

कार्यक्रममा केन्द्रीय सदस्य निर्मला देवकोटा, प्रतिनिधिसभाका उम्मेदवार जालीम मियाँ मन्सुरी, प्रदेशसभा उम्मेदवार जयप्रकाश थारूलगायतको सहभागिता थियो ।

यसैगरी, स्वतन्त्र उम्मेदवार रूपेशमान सिंहले पर्सा क्षेत्र नं २ (ख)का मतदाताहरूसँग घरदैलो अभियान गरेका छन् ।

पर्सा क्षेत्र नं २ (ख)बाट प्रदेशसभा सदस्यका लागि स्वतन्त्र उम्मेदवारी दिएका सिंहको पक्षमा मतदान गर्न 'हर घर जाऔं, रूपेशमानलाई जिताऔं' अभियान शुरू गरिएको छ ।

सिंहको पक्षमा मत माग्दै घरघर पुग्ने अभियानमा युवा तथा अग्रजहरू स्वस्फूर्त लागेको वीरगंज महानगरपालिका वडा नं २५ का मनोज चौधरीले बताए ।

अभियानमा निर्वाचन क्षेत्रमा पर्ने वीरगंज महानगरपालिकाका १० वटा वडा र बहुदरमाई नगरपालिकाको वडा नं २ गरी ११ वटा वडाका युवाहरू खटेका छन् ।

शुक्रवार स्वतन्त्र उम्मेदवार सिंहको चुनावी प्रचारप्रसारको लागि वीरगंज-३ छपकैयाको आदर्श टोलमा कार्यालय स्थापना गरिएको छ ।

### भारतीय........

रहस्यवादको निकटताले उनका रचनाहरू अध्यात्मको निकट बन्न पुगेका छन् भन्ने भनाइ छ । हुनत रहस्य र अध्यात्म एउटै होइन, तर पनि निरालाको सन्दर्भमा केही समालोचक कठोर बनेका देखिन्छन् ।

करीब ६२ वर्ष बाँचेका निरालाले ६० भन्दा बढी कृतिको सिर्जन तथा अनुवाद गरेका थिए । यो चानचुने कार्य होइन । यसै कारण के भनिन्छ भने विधा, सिर्जन तत्त्व तथा विषय विविधताका साथै साहित्यिकवादलाई पनि निरालाले आफ्नै प्रवाह दिए वा आफूसित बाँधेर प्रवाहमय बनाइरहे । आफ्नो युगमा हिन्दी साहित्यलाई नेतृत्व प्रदान गरेका निरालाले साहित्यलाई के दिएनन् ? के भनिन्छ भने निरालाको साहित्यिक प्रवाह यति तीव्र थियो कि साहित्य यसमा बहन्थ्यो ।

साहित्यलाई निरालाले उचाइ दिए, साहित्यले निरालालाई उचाइ दियो । एकले अर्कालाई सम्मान गरेको देखिन्छ । यस कारण निराला विभिन्न सम्मानबाट सम्मानित देखिन्छन् र सबै औपचारिक पुरस्कार तथा सम्मानभन्दा माथि यो देखिन आउँछ कि हिन्दी साहित्यमा निरालाको नाम अत्यन्त श्रद्धा र सम्मानका साथ लिइन्छ । यो उपलब्धि सबैभन्दा ठूलो यस अर्थमा पनि हो कि साहित्य परिचर्चामा निराला हिन्दी साहित्यसँगै विश्वभर पुगेका छन् ।

यो स्पष्ट छैन कि निरालाको प्रभाव नेपाली साहित्यमा कतिको परेको छ तर कतिपयले निरालाको प्रभाव तत्कालीन भारतीय हिन्दी साहित्यमा अत्यन्त बलियो भएकोले त्यसको प्रभाव नेपाली साहित्यकारमाथि पर्नु र नेपाली साहित्यकारले सिर्जना गर्ने साहित्यमा पर्नु स्वाभाविक भएको मानेका छन् । यद्यपि वर्तमान अवस्थामा पनि नेपाली साहित्यकारले निरालाबाट विभिन्न प्रभाव र प्रेरणा ग्रहण गर्न सक्ने देखिन्छ । निरालाका कृतिहरूले पाठकलाई ऊर्जा मात्र दिने होइन कि लेखनको विषय र नवीन किसिमले सिर्जन गुण पनि दिने देखिन्छ ।

# विद्यालयमा निश्शुल्क कोचिङको व्यवस्था



तस्वीर: प्रतीक

नरेश यादव, पर्सागढी, २८ असोज/

नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बहुअर्वासिरा पचरुखी विद्यालयमा वडास्तरीय निश्शुल्क कोचिङ कक्षाको पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले उद्घाटन गरेका छन्।

कार्यक्रममा पर्सागढी नगरपालिका–४ का अध्यक्ष नितेश मिश्रले पहिलो विद्यालय घर भएको बताए। उनले विद्यालय २२० दिनसम्म सञ्चालन हुनुपर्ने माग गरे।

वडाध्यक्ष मिश्रले गुणस्तरीय शिक्षाको लागि जनशक्तिको आवश्यकता रहेको बताए। उनले पढ्ने, सुत्ने, खेल्ने समयको तालिका बनाउन विद्यार्थीहरूलाई सुझाव दिए। नगरपालिकाका बालबालिका शिक्षाबाट वञ्चित नरहून् भनेर उनले उपप्रमुख शिक्षा कार्यक्रम सञ्चालन गरिने बताए। निश्शुल्क वाइफाई जडान गरिएको पोलमा राति ११ बजेसम्म युवाहरू जम्मा हुनु प्रविधिको दुरुपयोग भएको उनले बताए।

वडाध्यक्ष मिश्रले निश्शुल्क कोचिङको लागि वडाबाट चार लाख बजेट विनियोजन गरिएको बताए। उनले कोचिङ पढ्ने विद्यार्थीहरूको तीन/तीन महीनामा परीक्षा लिने बताए।

कार्यक्रममा प्रअ रामआशिष यादव, वडा सदस्य, शिक्षकलगायतको सहभागिता थियो।

कार्यक्रमको सहजीकरण सहायक शिक्षिका पुनीता कुमारीले गरेकी थिइन्।

## डेङ्गुबाट बच्ने उपायहरू:

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेङ्गु लाग्न सक्छ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- अँध्यारा कुना–काप्चामा कीटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एकपटक एयर कुलर, पानीटङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू राम्ररी सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड




# खेलकूदको संसार

## नवौं राष्ट्रिय खेलकूदको समुद्घाटनका अवसरमा मार्चपाससहित सांस्कृतिक कार्यक्रम

कास्की, २८ असोज/रासस

पर्यटकीय नगरी पोखरामा नवौं राष्ट्रिय खेलकूदको समुद्घाटन समारोहका अवसरमा मार्चपाससहित विभिन्न सांस्कृतिक कार्यक्रम गरिएको छ।

'एकताबद्ध देश खेलकूदको सन्देश' नाराका साथ शुरू नवौं राष्ट्रिय खेलकूदको भव्य समारोहका बीच उपराष्ट्रपति नन्दबहादुर पुनबाट औपचारिक उद्घाटन गर्ने कार्यक्रममा रङ्गशालामा सातवटै प्रदेश, तीन विभागीय, एनआरएनसहित ११ टीमका खेलाडी, अफिसियल, प्रशिक्षक, खेलप्रेमी र आम सर्वसाधारण सहभागी थिए।


तस्वीर: रासस

उद्घाटन समारोहमा युवा तथा खेलकूदमन्त्री महेश्वरजङ्ग गहतराज, संस्कृति तथा पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठ, गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङ, मुख्यमन्त्री कृष्णाचन्द्र नेपाली पोखरेल, आयोजक राष्ट्रिय खेलकूद परिषद्का सदस्य–सचिव टङ्कलाल घिसिङलगायत विशिष्ट व्यक्तिको सहभागिता थियो।

उद्घाटन समारोहमा सातवटै प्रदेशका टीम, नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीबाट मार्चपास गरिएको थियो। मार्चपासमा नवौं राष्ट्रिय खेलकूदका लागि तयार गरिएको गण्डकी प्रदेशमा पाइने कस्तुरी मृगको मस्कट सहभागी थियो। यस क्रममा विभिन्न जातजातिका सांस्कृति झाँकी प्रस्तुत गरिएको थियो।

रङ्गशालाका प्यारापिटमा खेलकूदप्रेमीको उल्लेख्य उपस्थिति थियो।

समारोहमा मूल आयोजक समितिका अध्यक्ष एवं युवा तथा खेलकूदमन्त्री गहतराजले नवौं राष्ट्रिय खेलकूदको झन्डा झन्डोत्तोलन गरेका थिए। झन्डामा गण्डकी प्रदेशको राजधानी पोखरा र माछापुच्छ्रेलाई रेखाङ्कित गरिएको छ। कार्यक्रममा मन्त्री गहतराजले खेलकूदको विकासका लागि तीनवटै तहका सरकार लाग्नुपर्ने बताए। खेलकूदको गुरुयोजनालगायतका कार्यक्रमअघि बढाइएको उनले बताए। केन्द्रदेखि स्थानीय तहसम्म खेलसम्बद्ध निकाय खेलको विकासका लागि लागेको उनले बताए। सङ्घीय संरचना अनुसार सबै प्रदेशले आफ्नो तयारीसहित पहिलोपटक यस प्रतियोगितामा सहभागी भएको उनले जानकारी दिए। प्रतियोगितासँगै आगामी दिनमा खेलाडीहरू राष्ट्रिय एवं अन्तर्राष्ट्रियरूपमा प्रतिस्पर्धा गर्न सक्ने उनले विश्वास व्यक्त गरे।

गण्डकी प्रदेशका मुख्यमन्त्री पोखरेलले गण्डकी प्रदेशमा नवौं राष्ट्रिय खेलकूद गण्डकीमा हुनु समग्र गण्डकी प्रदेशका लागि गौरव भएको बताए। गण्डकी प्रदेशमा खेल पर्यटनका पर्याप्त सम्भावना रहेको उनको भनाइ थियो। खेलका माध्यमबाट अन्तर्राष्ट्रिय एवं राष्ट्रियरूपमा एकता कायम गर्ने उनले बताए। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री एवं ओलम्पिक कमिटीका अध्यक्ष श्रेष्ठले पोखरामा भएको यस खेलले खेल क्षेत्रको विकाससँगै गण्डकी प्रदेशको पर्यटकीय सम्भावनालाई अझै उजागर गर्ने बताए।

राष्ट्रिय खेलकूद परिषद्का सदस्य–सचिव घिसिङले स्वागत गर्दै नेपाली खेलकूदको इतिहासमा यसको महत्त्वपूर्ण स्थान रहने बताए। कुल ३६ वटा खेल र दुई प्रदर्शनीसहित ३८ खेल समावेश भएको प्रतियोगितामा सात प्रदेश, तीन विभागीय र एनआरएन गरी ११ टोली सहभागी छन्। कुल छ हजार १५७ खेलाडीले प्रतिस्पर्धामा भाग लिने जनाइएको छ।

प्रतियोगितामा करीब एक हजार तीन पदकका लागि प्रतिस्पर्धा हुन लागेको हो। विसं २०३८ देखि शुरू नेपाली राष्ट्रिय खेलकूदको इतिहासमा विसं २०४० मा दोस्रो संस्करणको राष्ट्रिय खेलकूद गर्ने अवसर पाएको पोखरालाई ३९ वर्षपछि नवौं राष्ट्रिय खेलकूद घरेलु मैदानमा गर्ने मौका मिलेको हो।

छत्तीस खेलमध्येका २६ खेल पोखरामा र अन्य गण्डकीका सात जिल्लामा भइरहेको छ। गण्डकीका लमजुङ, मनाङ र मुस्ताङबाहेकका सबै जिल्लामा नवौं राष्ट्रिय खेलकूदका खेल सञ्चालन भएका छन्। उद्घाटनकै अवसरमा निर्णायकका तर्फबाट भलिबलका रेफ्री पहलसिंह थापा र खेलाडीका तर्फबाट प्याराग्लाइडिङका सुशील गुरुङले प्रतियोगितामा समावेश सम्पूर्ण खेलमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय नियम अनुसार खेल्ने तथा खेलाउने प्रतिबद्धतासहित शपथ लिएका थिए। रङ्गशालामा विभिन्न सांस्कृतिक प्रदर्शनी सञ्चालन भएको थियो।

### फूटबलमा सुदूरपश्चिम प्रदेश विजयी

नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता अन्तर्गत पुरुष फूटबलको आजको खेलमा सुदूरपश्चिम प्रदेश विजयी भएको छ। पोखरा–१९ लामाचौरस्थित गोस्तेघाट खेल मैदानमा भएको समूह 'डी' को खेलमा सुदूरपश्चिमले कर्णाली प्रदेशमाथि ५–३ गोलको सानदार जीत निकालेको हो। प्रतिस्पर्धात्मक बनेको खेलको दोस्रो हाफमा कर्णाली सम्हालिन नसक्दा हार बेहोर्न बाध्य भएको हो।

खेलको ३८औं मिनेटमा कर्णालीका करण रावतले आत्मघाती गोल गरेपछि सुदूरपश्चिम १–० को अग्रतामा रह्यो। पहिलो हाफमा १–० ले रोकिएको खेलको दोस्रो हाफमा कुल सात गोल भयो।

खेलको ५८औं मिनेटमा ज्ञानेन्द्र जोशीले गोल गर्दै सुदूरपश्चिमको अग्रता दोब्बर पारे। खेलको ६२औं मिनेटमा कर्णालीका विकेश सन्तोषीले गोल गर्दै २–१ को स्थितिमा खेल पुर्‍याए।

दोस्रो हाफको ७७औं मिनेटमा कुवेर सिंहले गोल गर्दै ३–१ बनाएपछि कर्णाली दबाबमा परेको थियो। खेलमा ८४औं मिनेटमा कर्णालीका विकेशले व्यक्तिगत दोस्रो गोल गर्दै ३–२ को स्थितिमा खेल पुर्‍याउँदै टोलीलाई खेलमा फर्काउने प्रयास गरे।

त्यसको दुई मिनेटपश्चात् सुदूरका सशाङ्क बोहोराले गोल गर्दै अन्तर फराकिलो बनाए। खेलको ९४औं मिनेटमा दिरेन्द्र शाहले गोल गर्दै जीत निश्चित गराए। त्यसको एक मिनेटपछि कर्णालीका विकेशले पेनाल्टीमा गोल गर्दै ह्याट्रिक पूरा गरे पनि टोलीलाई जीत दिलाउन सकेनन्।

प्रतियोगिता अन्तर्गत शनिवार दुई खेल हुनेछन्। समूह 'बी' अन्तर्गत मधेस प्रदेश र सशस्त्र प्रहरी बलको एपिएफ क्लबबीच पहिलो तथा समूह 'ए' अन्तर्गत प्रदेश–१ र गण्डकी प्रदेशबीच दोस्रो खेल हुने खेल तालिका छ।

### सेनालाई फेन्सिङमा पाँच स्वर्ण पदक

कास्की/

पोखरामा जारी नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता अन्तर्गत फेन्सिङको पुरुष 'टीम इपी' खेल विधामा विभागीय नेपाली सेनाले स्वर्ण पदक जितेको छ। पोखरा रङ्गशालाको ब्याडमिन्टन कोर्टमा आज सम्पन्न फाइनल खेलमा सेनाले अर्को विभागीय टोली सशस्त्र प्रहरीको एपिएफलाई ४५–२८ अङ्कले पछि पार्दै स्वर्ण जितेको हो।

आर्मीका लागि यो फेन्सिङमा पाँचौं स्वर्ण पदक हो। उपविजेता एपिएफले रजत पदक जित्दा आयोजक गण्डकी प्रदेश र वाग्मती प्रदेशले कांस्य पदकमा चित्त बुझाए।

यही असोज २४ गतेदेखि सञ्चालन भएको फेन्सिङतर्फ छ खेल व्यक्तिगत र छ खेल टीम विधामा गरी १२ स्वर्ण पदकका लागि प्रतिस्पर्धा भएको थियो।

फेन्सिङको अन्तिम अङ्कतालिका अनुसार सेना च्याम्पियन बनेको छ। सेनाले पाँच स्वर्ण, पाँच रजत र सात कांस्यसहित १७ पदक जितेको छ। यसैगरी, वाग्मतीले चार स्वर्ण, तीन रजत र एक कांस्यसहित आठ पदक जितेर द्वितीय स्थानमा छ।

यसैगरी, एपिएफ दुई स्वर्ण, चार रजत र सात कांस्यसहित १३ पदकका साथ तृतीय स्थानमा छ। सुदूरपश्चिम प्रदेश एक स्वर्ण र दुई कांस्यसहित तीन पदकका साथ चौथो स्थानमा रहेका छन्। आयोजक गण्डकी प्रदेशले चार कांस्य पदक जित्दै पाँचौं स्थानमा रहँदा प्रदेश नं १ ले तीन कांस्य पदकसहित पदक तालिकाको पुछारमा छ।

### बुद्धिचाल प्रतियोगितामा रूपेश र सुजनाको विजयी सुरूआत

गोरखा/

नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता अन्तर्गत गोरखा जिल्लामा भइरहेको बुद्धिचाल प्रतियोगितामा रूपेश जैसवाल र सुजना लोहनीले जीतको सुरुआत गरेका छन्। प्रतियोगिता अन्तर्गत भएको पहिलो चरणको खुला क्लासिकल इभेन्टमा विभागीय टोली त्रिभुवन आर्मी क्बलका जैसवालले गण्डकी प्रदेशका लेकबहादुर थापालाई पराजित गरेका हुन्।

त्यस्तै, पहिलो चरणको महिला क्लासिकल इभेन्टमा त्रिभुवन आर्मी क्बलकी सुजना लोहनीले वाग्मती प्रदेशकी मार्शल तामाङलाई पराजित गरेको निर्णायक दीपेश गिरीले जानकारी दिए।

प्रतियोगिता अन्तर्गत खुला क्लासिकलतर्फको पहिलो चरणको खेलमा नेपाल प्रहरीका फिडे मास्टर शिक्षित भण्डारीले सशस्त्र प्रहरी बलका विश्वविजय घिमिरेलाई पराजित गरे।

त्यस्तै, त्रिभुवन आर्मीका क्यान्डिडेट मास्टर मिलन लामा र मधेस प्रदेशका मनोज विकबीच भएको प्रतियोगिता 'ड्र' भएको छ। खुला क्लासिकलतर्फ नै प्रदेश नं १ का जेम्जुङ प्रशान्त दासलाई पूर्वराष्ट्रिय च्याम्पियनसमेत रहेका सुरवीर लामाले पराजित गरेका छन् भने वाग्मती प्रदेशका निकेन कुसताले वाग्मती प्रदेशकै राजीव कार्कीलाई पराजित गर्न सफल भएका छन्।

प्रतियोगिता अन्तर्गत महिला क्लासिकलतर्फको पहिलो चरणको खेलमा वाग्मती प्रदेशका लक्ष्मी कँडेलले सशस्त्र प्रहरी बलकी गीता जैसवाललाई पराजित गरिन् भने एनआरएनकी विनीता कपालीले मधेस प्रदेशकी सङ्गीता महतोलाई पराजित गरी पहिलो उत्कृष्ट पाँचभित्र पर्न सफल भएका छन्। प्रतियोगितामा कुल ११ टीमको सहभागिता छ।